# काकवलीय महाजनहरूको

# कथा

लेखक

भिक्षु प्रज्ञानन्द महास्थविर

अनुवादक

आर. बी. वन्द्य

प्रकाशिका

ज्ञाणसिला अनागारिका

Downloaded from http://dhamma.digital

# काकवलीय महाजनहरूको

# कथा

लेखक

**भिक्षु प्रज्ञानन्द महास्थविर**

अनुवादक

**आर. बी. वन्द्य**

Dhamma.Digital

बु. सं. २५१९ वि. सं. २०३२

ने. सं. १०९६ इ. सं. १९७६

प्रकाशिका

**ञाणसिला अनागारिका**

प्रथम संस्करण ५०० चन्दा मोरू

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

## यो धर्म-पुस्तक

आफ्नो टोल छिमेकीमा "तुयू तता" भन्ने
स्वर्गीय पूर्णमायाको स्मृतिमा
वहाँकै पुण्यार्थ एवं निर्वाण कामना सह
प्रकाशित हुन्दैछ ।

**पूर्णमाया शाक्यनी**

जन्म : विक्रम सं. १९५८/९/१२
दिवंगत : बिक्रम सं. २०३२/२/२७

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# सम्पर्पण

नेपालमा

स्थविरवादी बुद्ध शासनको संरक्षण र सम्वर्धनको

कार्यमा सतत: प्रयत्नशील

रहनु भएका

भ

द

न्त

प्रज्ञानन्द महास्थविर ज्यू मा

उहाँको

दीर्घायु र सुस्वास्थ्यको

कामना गर्दै

सादर

स

म

र्पि

त

आर. बी. बन्द्य

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# केही शब्द

**हीनं धम्मं नसेवेय्य पमादेन नसंवसे ।**

माथिको श्लोकको भावार्थ हो—लोभ, दोष र मोह बृद्धि हुने हीन तुच्छ धर्मको सेवन नगर । आहार, मैथुन, भय तथा निद्रामा मात्र लाग्ने पशुतुल्यको जीवन सज्जनवर्गको निम्ति योग्य छैन ।

तसर्थ प्रमादी भै आपनो जीवन बर्बाद नगर्नु, अप्रमादी भै रहनु आफूले नजानेको अवस्थामा गरिएको तीं अकुशल कार्यलाई पछि आफूले जानी सुनी थाहा पाएपछि नगर्ने र छोड्ने ब्यक्तिलाई तथागतादि सज्जनवर्गले प्रशंसा गरिराखेका छन् ।

प्राणी मात्रलाई सुख शान्ति चाहिन्छ । परन्तु बिना पुण्य सुख शान्ति संभव छैन । किनकि – सुखशान्तिको मूल बिउनै पुण्य हो । तसर्थ सबैले सुख शान्तिको निम्ति सर्वप्रथम पुण्य संचय गर्नु आवश्यक छ । ञाणसिला अनागारिकाले पनि यस्तै बिचार गरी गृह–जंजाल दुःखमय हो भनी यस गृह–जंजालमा पर्न नपाउन्दै अनागारिका भई शील समाधिमा कोशिश गरेर तिनी पुण्य साधनमा लागिन् । साथै आफुले सक्दो परोपकारमा पनि आज सम्म लागिरहिन् । वास्तवमा अत्त हित र परहित एवं सुख शान्तिको कामना गरि रहेका जुनसुकै सज्जनले पनि यस्तै महान पुण्य कार्य गर्नु साह्रै राम्रो कुरा हो । जसको फल स्वरूप यो लोक तथा परलोकमा समेत सदा सुख शान्ति प्राप्त हुनेछ । यसमा कुनै शंका छैन । परिवर्तनशील यो संसार नित्य छैन । हामी सबैले एक न एकदिन अवश्य यो संसार छोड्नु पर्दछ । यसकारण पाठक वर्गले केही मात्रामा भएपनि अनित्य विषय उल्लेखित यस पुस्तकबाट सार पाउनु भएमा म आपनो परिश्रम सफल भएको सम्झने छु ।

Downloaded from http://dhamma.digital

केही दिन अगाडि मात्र नेपाल भाषामा प्रकाशित "काकबलीय महाजन-पिनिगु कथा" भन्ने मेरो सानो पुस्तकको यो नेपाली रूपान्तर पुस्तक हो। यो पुस्तक हेटौडा बजार निबासी श्रीसाहु इन्द्रलाल बनेपालीज्यूले प्रथम संस्करण प्रकाशित गर्नु भएको थियो। पुस्तक प्रतिको पाठक बर्गको निक्कै वढेको अभिरूचि तिर ध्यान दिएर नेपाली भाषाको पाठक वर्गको निमित्त ञाणसिला अनागारिकाले पुनः दोश्रो संस्करण छपाउन लागिरहेको हो।

यस पुस्तकलाई काठमाडौं प्यूखा निबासी श्री आर. ब्री. बन्द्यज्यूले नेपालीमा छिटै नै अनुदित गरि दिनु भयो। आयुष्मान सुदर्शनले पनि कत्ति झिजो नमानी आफ्नो अमूल्य समय दिई भाषा संशोधन गरि दिनु भएको छ। फेरि समय मै राम्ररी यो पुस्तक 'सुभाष प्रिंटिङ्ग प्रेस' ले छापी तयार गरिदिनु भयो। वहाँहरू सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु।

यसमा कुनै कमी त्रुटी वा प्रुफ सम्बन्धी अशुद्धिहरू भएता पनि त्यतातिर ध्यान नदिई केवल सार कुरामा मात्र ध्यान दिनु हुन मेरो हार्दिक अनुरोध छ।

**भिक्षु प्रज्ञानन्द**
श्री शाक्यसिंह विहार, ललितपुर।

Downloaded from http://dhamma.digital

# दुई शब्द

बुद्धको उपदेशानुसार पर्वत, वन, उद्यान, वृक्ष र चउरको शरणमा गएर मानिसहरू कुनै प्रकारको दुःख र कष्टबाट मुक्त हुन सक्दैन। किनभने यस्तो शरण दुःख मुक्त गरिदिनमा क्षेम छैन। त्यसैले यस्तो शरण उत्तम शरण पनि होइन। पर्वत, वन, उद्यान, वृक्ष र चउरको शरण जाने भनेको कस्तो र कसरी भन्ने कुरा बुझ्नको निम्ति बुद्धकालिन मात्र होइन बुद्धको समय भन्दा अगी र पछिको युगको विभिन्न धर्म र वाद (मत) हरू समेतको ज्ञान हुनु आवश्यक छ। तैपनि संक्षिप्त रूपमा भनु भने प्रकृतिलाई पूजावलि दिने, अदृश्य सत्तात्कम वरदानको इच्छा गर्ने ईत्यादि सबै यस्तै प्रकारको शरण हो। शील, समाधि र प्रज्ञा सम्पन्न व्यक्तिप्रति आस्था राख्नु, शील समाधि र प्रज्ञाको महत्व स्वीकार गरेर शील, समाधि र प्रज्ञा आफूमा ल्याउने प्रयत्न गरेरै मात्र पर्वत, वन, उद्यान, वृक्ष र चउरको शरणबाट मुक्त हुन सकिन्छ। बुद्ध, धर्म र संघको शरणमा गएमा मात्रै उत्तम शरणमा गएको हुन्छ। दुःखलाई बुझेर, दुःखको कारण देखेर, दुःखबाट मुक्त हुने आर्य अष्टांगिक मार्गमा जानाले नै मात्र मानिस दुःखबाट मुक्त हुन सकिन्छ।

प्रस्तुत पुस्तक यहिं उपदेशको क्रममा एउटा भिक्षुले एउटी कल्पित नाउँको मुदिता भन्ने उपासिकालाई दिएको उपदेशको लिखित रूप हो।

उपदेशको क्रममा "काकवलीय र पेसकारिधीता" भन्ने दुइवटा कथाहरू आएको छ। दुवै कथा पनि महिला जातिलाई उत्साहित गर्ने कथा हो। लोग्नेले मात्र कमाउन लगाई खाने पिउने गरी वसेका महिलाहरूलाई आफ्नो पतिलाई घरमा राखी पतिको निम्ति धन कमाउन जाने, राक्षससंग नडराइकन लड्ने यो कथामा रहेकी एउटी महिलाले कम साहस दिदैन। "तिमी कहाँबाट आएको?" "तिमी कहां जान्छौ?" "के तिमीलाई थहा छैन त?" "के तिमीलाई थहा छ त ?" भन्ने भगवान बुद्धले सोध्नु भएको प्रश्नको जवाफ पेशकारको छोरीले राम्ररी दिएकोले पनि स्पष्ट गर्दछ कि छोटो बुद्धि भएका भनि भन्ने गरेका महिलाहरूलाई बुद्ध-धर्मले प्रज्ञा ज्ञानको अधिकारी बनाई दिएको छ।

Downloaded from http://dhamma.digital

पूज्यपाद प्रज्ञानन्द महास्थविरज्यूले यो पुस्तक विहारमा भिक्षुहरूले उपासिकाहरूलाई उपदेश दिनु हुने जस्तै गरी लेख्नु भएको हो। यसैले यो पुस्तकमा कहिं कुरा-कानिको रूपमा छ भने कहिं पालिगाथाको रूपमा छ र कहिं सिंगै एउटै कथा पनि पाइन्छ। अझ कसो मात्र गरेर हुन्छ यी नजान्ने नबुझ्ने नेपालीहरूलाई बोध गरूं भन्ने उहाँको मनमा रहेको ठूलो आकाञ्छा यो पुस्तकमा देखिने एउटा भन्तेको बाणीमा पनि त्यहिं अनुरूप उपदेश ठाउं ठाउंमा पाइन्छ। यसरी यो एउटा पुस्तक पूज्यपाद भन्तेको करुणाले भरिएको नेपालमा बुद्ध-धर्म प्रचार गर्नमा ठूलो देन भएको बिभिन्न ब्यक्तित्वको अंश मध्ये एक अंशकै रूपमा मान्न सकिन्छ। साहित्यमा व्यक्तिको सजीव चित्रण मात्र होइन, स्वयं ब्यक्तित्व पाइने यो एक उदाहरण हो।

सारांशतः यो पुस्तकको उद्देश्य मिथ्यावाद छोड्न लगाउने र सम्यक् आर्य सत्य मार्ग दर्शन गराउने हो। यस्तो पुनित लक्ष्य पूरा गर्न सहयोग गरिदिने ञाणसिला अनागारिका धन्यवादका पात्र हुनुहुन्छ। पूज्यपाद भन्तेको नेपाली उपासक उपासिकाहरूलाई धर्मको कुरा देखाउन बुझाउनको निम्ति गर्नु भएको करुणाले युक्त प्रयत्न पूर्ण गर्नमा यो पुस्तकले सहयोग गर्न सकोस भनि कामना पनि गर्दछु।

पुनश्चः-काकवलीय कथा नेपाली भाषामा पनि रूपान्तर भएर प्रकाशित गर्न लागिरहेको कुरा सुनेर मलाई खुशि लाग्यो। श्री आर०बी० बन्द्यज्यूले पूज्य प्रज्ञानन्द महास्थबिरज्यूको विस्तृत जीवनी मात्र लेख्नु भएको होइन, वहाँको पुस्तिका पनि नेपालीमा अनुवाद गर्न शुरु गर्न लागेको कुरा झन ठूलो प्रसन्नताको बिषय हो। मलाई आशा छ, श्री बन्द्यज्यूले पूज्य महास्थविरज्यूको विशुद्धि प्रज्ञा दर्पण धातुभेदानुपस्सना जस्तो नेपाल भाषामा भएका कितापहरू पनि अनुवाद गर्दै जानेतिर प्रयास गर्दै नेपाली भाषामा बौद्ध साहित्यको विकासमा योगदान गर्नु हुनेछ।

१/९/२०३२ —भिक्षु सुदर्शन

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।।

बहुं वे सरणं यन्ति, पब्बतानि वनानि च ।
आरामरूक्ख चेत्यानि, मनुस्सा भयतज्जिता ।।
नेतं खो सरणं खेमं, नेतं सरणमुत्तमं ।
नेतं सरणमागम्म, सब्ब दुक्खा पमुच्चति ।।
यो च बुद्धञ्च धम्मञ्च, सङ्घञ्च सरणं गतो ।
चत्तारि अरियसच्चानि, सम्मप्पञ्ञाय पस्सति ।।
दुक्खं दुक्खसमुप्पादं, दुक्खूस्स च अतिक्कमं ।
अरियञ्चट्ठङ्गिकं मग्गं, दुक्खपसमगामिनं ।।
एतं खो सरणं खेमं, एतं सरणमुत्तमं ।
एतं सरणमागम्म, सब्ब बुक्खा पमुच्चति ।।

धम्मपद १४-६

मानिसहरू संसारिक दुक्ख भयको कारण बाट पर्बत, बन, बगैंचा, रूख चडर आदिको शरणमा जान्छन् । तर यो शरण मंगलदायक होइन, न त यो शरण उत्तम शरण नै हो किन भने यिनीहरूको शरण पर्नाले मानिसहरू सबै दुःख बाट छुटकारा पाउन सक्दैनन् । जो ब्यक्ति बुद्ध, धर्म र संघको शरणमा जान्छ जसले चतुरार्य सत्य – दुःख, दुःखको उत्पति, दुःखको निरोध र दुःख निरोध गामिनो आर्य अष्टांगिक मार्गलाई सम्यक् प्रज्ञा ज्ञानबाट यथार्थतः राम्ररी देख्छ, बुझ्छ । उही ब्यक्ति मात्र संसारको सम्पूर्ण दुःखभयबाट मुक्त हुन्छ । कारण त्रिरत्नको शरण नै मात्र रक्षादायक शरण हो । यही शरण मात्र बास्तबमा उत्तम शरण हो ।

अग्गिदत्त ब्राम्हणको निमित्त भगवान शास्ताबाट उपदेश गर्नु भएको यही कुरालाई स्मरण गरिन्छ तथागतोपदेशित यस गाथाको मर्मलाई बुझेर नै बौद्धहरू सर्बप्रथम त्रिरत्न गुणानुस्मरण गर्दै नित्यपाठ गर्दछन् – नमो बुद्धाय । नमो धर्माय ।। नमो सङ्घाय ।। बुद्धो मे सरणं अञ्ञं नत्थि । धम्मो मे सरणं अञ्ञं नत्थि ।। सङ्घो मे सरणं अञ्ञं नत्थि । बुद्धं सरणं गच्छामि । धम्मं सरणं गच्छामि ।। सङ्घं सरणं गच्छामि ।।। उपयुक्त धर्मोपदेशलाई सुनेर मुदिता नामक एउटी उपासिकाले प्रश्न सोधीन्–

Downloaded from http://dhamma.digital

उपासिका– भन्ते ! बुद्ध, धर्म र संघ भनेर त म पनि भन्न जान्दछु तर बास्तबमा बुद्ध, धर्म र संघ भनेर यथार्थतः कस्तालाई भनिने हो यो मैले राम्ररी बुझ्न सकेको छैन कृपया मलाई पनि सम्झाइ दिनु होला ।

भिक्षु – तपाईले सोध्नु भएको कुरो त निकै राम्रो हो । यस्तै कुरा राम्ररी नबुझेर नै मानिसहरू अनेक मिथ्या धारणामा परी अलमलि राखेका हुन्छन । अब म संक्षिप्तमा बताउँछु । तपाईले परिशुद्ध चित्त गरी राम्ररी ध्यानपूर्वक सुन्नु होस् ।

उपासिका– हवस् भन्ते । म भक्तिपूर्वक ध्यान राखी सुन्दछु । कृपया बताउनु होस् ।

भिक्षु – उपासिका ! राम्ररी सुन्नु होस् । बुद्ध भनेर माटो, ढुंगा, सुन, चाँदीलाई भनेको होइन न त चतुर्धातु, पञ्चतत्व, पञ्चस्कन्धलाई नै भनिने हो । जसले चतुरार्यसत्यधर्मादि सर्वज्ञज्ञानलाई प्राप्त गरेको हुन्छ र जसमा अरहन्तादि नव लोकोत्तर गुण धर्म विद्यमान हुन्छ त्यस महापुरूषलाई नै बुद्ध भनिन्छ ।

धर्म भनेको पनि तथागत द्वारा उपदिष्ट त्रिपिटकादि चौरासी हजार धर्म स्कन्ध अथवा "स्वाक्खातो भगवता धम्मो" आदि छ प्रकारको लोकोत्तर गुण धर्मबाट युक्त भइ रहेको धर्मलाई भनिने हो ।

फेरी संघ भन्नाले तथागतका शिष्य आर्य श्रावक संघहरू अथवा " सुप्पटिपन्नो भगवतो सावक सङ्घो" आदि नवलोकोत्तर गुण धर्मबाट सुसज्जित श्रावक संघहरूलाई नै संघ भनिने हो । यिनै बुद्ध, धर्म र संघादि त्रिरत्नको शरणमा नगईकन यो सांसारिक दुःख भयबाट कोही पनि मुक्त हुन सक्दैन ।

उपासिका– भन्ते ! भर्खरै तपाईले भन्नु भएको कुरा सुनेर त मलाई के भनुं के भनुं जस्तो लाग्यो । सबैको एउटै प्रकारको कुरा हुन्छ – हाम्रो धर्म महान ठूलो छ । अर्काको धर्म हीन र तुच्छ छ । अब म कसरी यो धर्म हीन छ यो उत्तम छ भनेर छुटयाउं ?

Downloaded from http://dhamma.digital

भिक्षु - तपाईंले भन्नु भएको कुरा ठीक हो भगवान शाक्यमुनि तथागत-बाट पनि आज्ञा हुनु भएको छ - मैले असल भन्यो भन्दैमा वा अरु कसैले राम्रो भन्यो भन्दैमा एकै चोटी विश्वास गर्नु हुदैन । पहिले आफैले एक चोटीं बिचार गरी हेर्नु पर्छ । यो उत्तम हो वा होइन । कस्तो धर्मलाई उत्तम धर्म मान्ने कस्तोलाई अधर्म मान्ने ? सांच्चिकै आफूलाई पनि अरूलाई पनि आदि मध्य र अन्त्यमा पनि हित उपकार हुने हो भने त्यो राम्रो, त्यसो होइन भने, त्यसो न हुने हो भने नराम्रो हो भनेर छुटयाउनु पर्छ। कुनैं पनि धर्म पञ्चशील बाधक हुन्छ भने नराम्रो बाधक हुन्दैन भने राम्रो हो। अथवा जुन धर्म आर्य अष्टांगिक मार्ग, शील, समाधि र प्रज्ञा तथा अनित्य, दुःख र अनात्मा संग मेल खान्छ त्यो राम्रो सांच्चिकै उत्तम छ भनि ग्रहण गर्ने, त्यसो मेल खान्दैन भने ग्रहण नगर्ने।

उपासिका- अहो भन्ते ! तपाईंले त मलाई पहिले कहिल्यै सुन्न नपाएको तरीकासंग भगवान बुद्धको सदुपदेशलाई राम्ररी वताउनु भयो। अब फेरो आज्ञा पाएको खण्डमा तपाईसंग एउटा कुरो सोध्न मन लागेको छ।

भिक्षु - हुन्छ, अलिकति केही सोध्ने हो भने सोध्नुस्। समयानुसार संक्षिप्तमा भए पनि म जबाफ दिने छु।

उपासिका- अरू त होइन भन्ते। एक दुई पल्ट मलाई असह्य हुने गरी यो मेरो हृदयमा यस्तो दाह भई वेदना भएर आउछ कि दुबै आँखाबाट धर धर आँसु बहन थाल्छ। मानो यो मेरी मुटु नै फुटयो कि भने जस्तो गरी उठेर आउने यो महान् दुःख कष्ट, वेदना वास्तबमा कहाँबाट मात्र आउने होला ? यस्तो दुःख वेदना मलाई मात्र हुने हो कि अरूलाई पनि हुने हो ?

भिक्षु - उपासिका, यसरी नै सांसारिक दुःखलाई चिनेर संम्झि राख्ने ब्यक्ति-हरूले मात्र भगवान बुद्धको सदुपदेशलाई राम्ररी ध्यान दिइ सुन्ने हो। संसारको दुःख भयलाई नचिन्ने नसम्झिनेहरूले दायां

Downloaded from http://dhamma.digital

बाँया अगाडि पछाडिको कुरो नहेर्ने वास्ता नगर्ने व्यक्तिहरूले बुद्धोपदेशलाई राम्ररी ध्यान दिएर सुन्दैनन्। उपासिका ! यो भयंकर असह्य दुःख तपाईलाई मात्र भएको होइन। धेरैलाई भइरहेको पनि छ र पछि पनि भइरहने नै छ। अझ न बुझेर मात्र होइन भन्ने प्राणी मात्रलाई दुःख भइरहेको हुन्छ। मार्ग फल प्राप्त गरिसकेकाहरू बाहेक यो दुःख भयबाट बच्न सक्ने अरू कोही छैनन् हुंदैनन्। एक दिन अगाडि र एक दिन पछाडिको कुरो सम्म हो। यसै कारण पहिले पहिलेका सज्जनहरूले पनि तपाईले जस्तै सांसारिक दुःख भयलाई देखेर भगवान बुद्धको सदुपदेशलाई सुनी ध्यान ज्ञानमा कोशिस गरेर विपुल पुण्य साधना गरी यो सांसारिक दुःख भयबाट मुक्त भएर गएका हुन्।

भगवान बुद्ध वेणुवनमा विराजमान हुंदा धनमत्ता, मानमत्ता राजमत्ता, रूपमत्ता र यौवनमत्ता समेत पांच मत्ता भइ रहेकी खेमा महारानीलाई लिएर आज्ञा हुनु भएको उपदेश यस्तो छ -

ये रागरत्ता नुपतन्ति सोतं, सयंकतं मक्कटकोब जालं।
एतम्पि छेत्वान वजन्ति धीरा अनपेक्खिनो सब्ब दुक्खं पहाय॥

भावार्थः- राग (लोभ, दोष, मोह) मा अभिरत व्यक्ति आफूले बनाएको जालमा आफै फंसेको माकुरो जस्तै तृष्णा रूपी श्रोतमा अथवा यो महान् दुःख रूपी संसार सागरमा प्राणी आफै परिरहन्छ। यो कुरा बुझी सत्यासत्यलाई छुट्याउन सक्ने धीरजन यो तुच्छ मिथ्याभिमान अहंकारलाई छेदन गरी सांसारिक दुःख बन्धनबाट मुक्त भएर गइरहेका छन्।

यस कुरामा राम्ररी बिचार गरेर हेर्ने हो भने स्वष्ट हुन्छ कि यो दुःखमय संसार बास्तवमा हामी आफैले निर्माण गरी आफैलाई दुःख दिइरहेका हौं। अरू कसैलाई दोष दिन सकिने ठाउं यहाँ छैन। धम्मपदमा भनिएको पनि छ :-

मधु व मञ्ञति बालो याव पापं न पच्चति।
यदा च पच्चति पापं अथ बालो दुक्खं निगच्छति ॥१०॥

धम्मपद (५-१०)

Downloaded from http://dhamma.digital

अर्थ :- पापको फल नआएसम्म मूर्खले आफूले गरेको पापलाई मह समान मीठो सम्झेको हुन्छ। तर जब पापको फल भोग गर्नु पर्ने हुन्छ अनि मात्र त्यो मूर्ख दुःखले तप्त भएर रोइरहन्छ।

उपासिका- भन्ते ! यो यत्रो असह्य दुःख वेदनाबाट ग्रस्त भइरहेका प्राणीहरू आफूले देख्दा देख्दै पनि मलाई पनि यस्तै दुःख होला भनेर किञ्चित मात्र पनि भविष्यको वास्ता नगरी डर भनेको पटक्कै नमानी मूढ तरीकाले हिंडिरहेको किन होलान् ?

भिक्षु - संगत खराब भयो भने यस्तै हुने हो। तपाईले अंगुलिमालको कथा सुन्नु भएकी छैन र ?

उपासिका- कथा मात्र होइन भन्ते ! अंगुलिमालको फिल्म पनि मैले हेरेकी छु।

भिक्षु - हो ! ठीक त्यस्तै हो त्यसैले भगवान बुद्धबाट आज्ञा भएको छः-

असेवना च बालानं, पण्डिता नञ्च सेवना।
पूजा च पूजनेय्यानं, एतं मङ्गल मुत्तमं ॥

अर्थात् - मूर्खको संगत नगर्नु, पण्डितको संगत गर्नु, पूज्यलाई पूजा गर्नु यही उत्तम मंगल हो।

उपासिका- अनि मूर्ख भनेर कस्तोलाई भन्ने हो त ?

भिक्षु - मूर्ख दुई प्रकारका छन् १) नाबालक र २) बालान्ध (पतमूर्ख) जन। अब यहाँ कुरा नजान्ने काम नजान्ने ब्यक्तिलाई मूर्ख भनिएको होइन। देवदत्त जस्तो ब्यक्तिलाई मूर्ख भनिएको हो। देबदत्त कति कुरा गर्न सिपालु थियो। त्यो अनेक प्रकारको ऋद्धि चमत्कार देखाउनमा पनि समर्थवान थियो। तर उसको भित्री हृदयको नियत् राम्रो थिएन्। अरूलाई हानी पुऱ्याई आफूलाई लाभ गर्ने। अरूलाई नोक्सान गरी आफूलाई ठीक गर्ने। यस्ता कुनियत् गर्दै हिंड्ने ब्यक्तिलाई मूर्ख भनिएको हो।

Downloaded from http://dhamma.digital

उपासिका– अनि स्वपरार्थ दुबैलाई असल हुने काम कसरी गर्ने हो नि ?

भिक्षु – अरूलाई पनि असल होस भन्ने कुरा चित्तमा राखी मंगल सूत्रको पाठमा बताइराखे झैं असल काम कुरा गर्ने अर्थात आमा बाबु छोरा छोरी, दाजु भाइ, दिदी बहिनी आदि सकल प्राणि मात्रको सुख शान्तिको कामना गरी दान शील भावनादि पुण्य कार्य गर्नु पर्छ। यसो गरिएको खण्डमा आफूलाई पनि अरूलाई पनि आज लाई पनि भोलीलाई पनि सदैब सबैलाई अबश्यमेव असल हुन्छ ; कल्याण हुन्छ।

उपासिका- तपाईले दानादि धर्म कर्म गर्नु पर्छ भन्नु भएको कुरा ठीक छैन भन्न त म पनि सक्तिन। पञ्चदानको समयमा गुरूबन्ध्यजुहरूले दान गाथा बाचेको पनि मैले सुनि राखेकै छु – "दान विभूषणं लोके, दानं दुर्गति निवारणम्। दानं स्वर्गस्य सोपानं, दान शान्तिकरं शुभम्।।" यसरी गुरू बन्ध्यजुहरू दान गाथा बाँच्नु हुनु हुन्छन्। किन्तु दानको महिमाको बिषयमा यस प्रकार प्रशंसा सुन्न पाईए पनि खोइ, भन्ते ! दानको फल भने प्रत्यक्षतः केही देखा परेको होइन। मैले पनि बेला बखतमा हेरी हेरी यथाशक्य यथा श्रद्धा दान प्रदान गरी आएकै छु। तर म अझ सम्म जस्ताको तस्तै छु।

भिक्षु – उपासिका ! दान गाथामा बताइ राखेको कुरा झूठो होइन। दान विना सुख शान्ति भोग गर्न पाइदंन। उदाहरणको रूपमा भन्ने हो भने धान, गहुं आदि जुनसुकै बस्तु पनि बिउ नरोपीकन फल्ने होइन। त्यस्तै नै धन सम्पती सुखको बिउ पनि दान पुण्य हो। दानको पनि अरू चीजको बिउकै जस्तै समय नभइकन फल फल्दो रहेनछ।

उपासिका– भन्ते ! जुन पुण्यको फल यति दिन यति महिना वर्ष भित्र प्राप्त हुन्छ भन्ने निश्चितता छैन भने, पछि के हुन्छ कस्तो हुन्छ कसैले बताउन सक्ने कुरा भएन। मरे पछिको कुरा भने आफू मरे पछि दुम्मै राजा भन्ने जस्तो कुरा भयो। त्यसैले त आजकलका

Downloaded from http://dhamma.digital

मानिसहरू भनेर हिंड्छन् - अहिले मलाई हजार रूपिया देऊ, अर्को जन्ममा म हजारको दश हजार तिर्नेछु।

भिक्षु - उपासिका ! तपाईले दान धर्म मात्र गर्नु भएको देखिन्छ तर भगवान बुद्धको धर्म भने तपाईले त्यति बुझेको देखिएन। जुन पुण्यको फलत अहिले पाकेकै छैन त्यो पुण्यको फल तपाईलाई अहिल्यै चाहियो भन्दंमा कहाँबाट प्राप्त हुन्छ र ? यस सम्वन्धमा कुमार काश्यप भिक्षुले पायासी राजालाई उपमाको रूपमा वताउनु भएको सानो कथा एक टुक्रा प्रस्तुत गर्दछु। एउटा महाजनको घरका जहान परिवारहरू सबै भिन्न भिन्न भए। छोराहरू सवैको अंशबण्डा भयो। गर्भबती महाजननीले आफ्नो गर्भमा रहेको पुत्रको एक भाग अंश चाहिन्छ भनेर अंश मांगीन्। अरू परिवार ले भने - तिम्रो बच्चा जन्मेकै छैन। त्यसंले तिमि अंश पाउंदैनौ। परिवारका सदस्यहरूले यसरी जवाफ दिएको सुनी छोराको निम्ति अंश भाग प्राप्त गर्ने उद्देश्यले ती महाजननीले पांच छः महिना भर्खर भएको गर्भलाई चिरेर बच्चा निकाल्न लगाई। तर के त्यो बच्चा जीवित हुन्छ र त्यसले अंश भाग प्राप्त गर्न सक्छ ? त्यसै भने झैं जुन पुण्यको त फल पाकेको छैन त्यो चीज अहिल्यै चाहियो भनेर के गर्ने ? हुन त तुरन्त फल प्राप्त हुने पुण्य कार्य पनि नभएको होइन। तर त्यसो पुण्य कार्य गर्न सजिलो छैन। संयोग जुटाउन पनि निक्कै मुश्कील हुन्छ। निरोध मभापतिबाट उठ्नु भएका भिक्षुहरूलाई भेटी दान गर्न सकिएमा सात दिन भित्रमा त्यसको फल अवश्य प्राप्त हुन्छ। जस्तो भगवान बुद्धको समयमा पनि निरोध सभापतिबाट उठेर आउनु भएका भिक्षु महाकाश्यपलाई काकवलीय स्त्रीले भोजन दान दिएकी हुंदा त्यस स्त्रीले सातै दिन भित्रमा फल प्राप्त गरिन्।

उपासिका - भन्ते ! यो कुरा एक पल्ट मलाई पनि सुन्ने रहर लाग्यो। कृपा गरेर काकवलीय स्त्रीको कथा सम्पूर्ण बताउनु होस।

भिक्षु - यो कुरो बताउन त म वताउंछु। तर अचेल यस्तो संयोग अवसर

Downloaded from http://dhamma.digital

भेट्टाउनु त्यति सम्भव छैन । तसर्थ ... ... ।

उपासिका- होइन, भन्ते ! जुनसुकै असल कुरा भनेको थाहा पाइराख्नु श्रेयस्कर छ । त्यसैले यो कुरो पनि राम्ररी बताउनु होस् ।

भिक्षु - त्यो त हो ! तपाईले भन्नु भएको कुरा पनि ठीकै छ । यस्तो कुरा सुनेरं मात्र मानिसहरूले असल बस्तुमा परिशुद्ध श्रद्धा निकाल्न सक्ने हो । लौ म बताउंछु । तपाई राम्ररी ध्यान दिई सुन्नु होस् ।

# काकवलिय महाजनको कथा

भगवान गौतम बुद्धको समयमा राजगृह नगरमा अत्यन्त दुःखी दरिद्र ब्राम्हण दम्पती बसेका थिए । उनीहरू दुईजना मध्ये त्यो ब्राम्हण चाहिं बिहान सबेरै उठी वन जंगलमा गएर दाउरा चिरी दाउराको भारी बोकेर बजारमा ल्याई बेची उठेको दामबाट कनिका सनिका आदि सस्तो खाद्य वस्तु किनेर सधें भने झैं मध्यान्ह तिर घर फर्कने गर्दथ्यो । यसरी किनेर ल्याएका वस्तु मध्ये आधी बिहानको खाना पकाउनलाई राखी आधा चाहिं बेलुकी-पखको लागि भनी पन्छाउने गर्दथ्यो । ब्राम्हणीको पनि बिहान सबेरैको घर धन्धा सकी अर्काको घर घर डुली धान कुट्ने, धान निफन्ने आदि काम गरी मालिकहरूले खुशी राजीले दिएका ज्याला लिई नून, तेल दाल मसला आदि किनेर ल्याउने गर्दथी । यस प्रकार ब्राम्हण दम्पती दुवै जनाले दुःख खपी काम गरी प्राप्त भए जति दामले दिनको दुई छाक खान पनि धौ धौ परे पनि प्राप्त खाद्य बस्तु सन्तोष पूर्वक खान पिन गरी धेरै दुःख पूर्वक जीवन व्यतीत गरि रहेका थिए । कहिले काहीं खानपिन बाट जोगिन आएको दाम भएको बेलामा एक एक पैसा गरी रूपिया जम्मा गरी लाज सम्म बचाउना निम्ति नभइ नहुने एक दुइ जोर खस्रो वस्त्र किनेर ल्याई मुश्कील मुश्कीलले काम चलाइ आएका थिए । अतिशय दुःख खपेर यी ब्राम्हण परिवारले काम गरी आए पनि उनीहरूलाई सदैव दुई छाक ज्यूं त्यूं तार्न पनि धौ धौ पर्दथ्यो ।

Downloaded from http://dhamma.digital

उनीहरूको घरमा कहिल्यै पनि खाद्य वस्तु अलिकता पनि बचेको भन्ने नरहने हुंदा पर्यांक्नु पर्ने केही नहुने भएकोले यस ब्राम्हण परिवारको घरमा चरा भंगेरा, परेवा, काग आदि चरा चुरुङ्गी सम्म पनि कहिल्यै उडेर आउंदैनथ्यो। यही अतिशय दरिद्रताको कारणबाट उनीहरूको नाउं नै काकवलीय ब्राम्हण भनी प्रसिद्ध भइ रहेको थियो।

एक दिन भिक्षु महाकाश्यप स्थविरले निरोध समापत्ति ध्यान बाट उठ्नु भई लोकमा ज्यादै नै दुःख भोग गरि रहेका उपकार योग्य व्यक्तिहरू को को कहां कहां छन् भनी करूणाको दृष्टीले चारैतिर हेर्नु हुंदा उहीले काकवलीय ब्राम्हणको परिवारलाई देख्नु भयो। यी ब्राम्हण परिवारले पूर्व जन्ममा पुण्य त गरि आएका थिए तर एक प्रकारको अकुशल कर्मले दवाई पीडा दिइ राखेको हुंदा त्यो पुण्यको फल प्राप्त हुन सकि राखेको थिएन। तसर्थ भिक्षु महाकाश्यप स्थविरले बिचार गर्नु भयो— अहिले मैले गएर यी दुःखी परिवारलाई पुण्य संग्रह गर्न दिने हो भने त्यो पुण्य द्वारा यी काकवलीय ब्राम्हणहरूलाई "दिट्ठ धम्म फल" अर्थात "दृष्ट धर्म फल" प्राप्त हुने छ भनी बिचार गर्नु भई पुण्य भएको भएता पनि दुःखी दरिद्र भइरहेका काकवलीय ब्राम्हणहरू उपर करुणा राख्नु भई विहानको समयमा चीवर पिण्डपात्र धारण गरी महाकाश्यप भन्ते काकवलीय ब्राम्हणको घर भएको दिशातर्फ भिक्षाटन गर्न प्रस्थान गर्नु भयो। काकवलीय ब्राम्हणको स्त्रीको पनि त्यो दिन घरमा भात पकाई भात पाकीसके पछि आफ्नो स्वामीको प्रतीक्षा गर्दै घर बाहिर निस्की आफ्नो पतिको वाटो ढुकिरहेकी थिइन्। त्यस ब्राम्हणीले चीवर पिण्डपात्र धारण गरी भिक्षाटन गर्दे आउनु भएको आयुष्मान् महाकाश्यप स्थविरलाई टाढै बाट देखिन्। उहाँलाई देख्ना साथ काकवलीय ब्राम्हणीको चित्त प्रफुल्लित भएर आयो। उनीले मन मनै बिचार गरिन्— आज मलाई ठूलै पुण्य सुसंयोग प्राप्त भयो। पहिले पहिले भए उहाँहरू जस्ता भिक्षुहरूको दर्शन प्राप्त भए पनि दान प्रदान गर्ने वस्तु घरमा केही नरहने दिन पर्दथ्यो। कुनै कुनै बेला दान वस्तु घरमा रहंदा उहाँहरूको दर्शन प्राप्त हुंदैनथ्यो। फेरि कहिले काहीं केही दान दिने वस्तु घरमा भएको अवस्थामा भिक्षुहरूसंग भेट घाट भए पनि कुनै न कुनै घर धन्दा वा काममा अलमलिनु पर्ने अवस्थामा परी दान दिन नसकिने हुन्थ्यो। आज सबै कुरा मिलिराखेको दिन छ। भोजन ठीक भइ राखेको छ। भन्तेको दर्शन पनि प्राप्त भएको छ। फेरि मेरो

Downloaded from http://dhamma.digital

मनमा पनि श्रद्धा चित्त उत्पन्न भएको छ। बीचमा ब्राम्हणीको मनमा आफ्ना तर्क उठ्यो— मेरा पति कष्ट पूर्वक काम गरी भोकले रन्थनिदै घर आइ पुग्नु हुन्छ। उहाँलाई केही खानेकुरा ख्वाउन सकिएन भने उहाँले मलाई काँचै खानु होला। फेरि उनको बिचार फिऱ्यो— अहं जे होस्! गाली गरे पनि सहुंला! पिटे पनि सहुंला!! यस्तो दुर्लभ संयोग जुटेको बेला म यो भोजन उहाँ भन्तेलाई दान दिन्छु, दिन्छु। यस प्रकार मनमा अनेक प्रकारले अन्तर्द्वन्द खेलाइ सकेपछि दान गर्ने नै दृढ संकल्प गरी हतार हतार गरी आफूले पकाइ राखेको भोजन लिएर आई भिक्षु महाकाश्यप स्थविरको सामु उपस्थित भई प्रार्थना गरिन्— भन्ते! हामीहरू उपर कृपा राख्नु भई यो भोजन दान ग्रहण गर्नु होस्। "आयुष्मान् महाकाश्यप स्थविरले पनि त्यस स्त्रीको श्रद्धा चित्त हेरी आफ्नो पात्र थापि दिनु भो। आधा जति भोजन पात्रमा परोसेको मात्र के थियो स्थविरले पात्र छोपि दिनु भयो। त्यसो गर्नाको कारण के हो भने काकवलीय स्त्रीको पति अत्यन्त कष्टपूर्वक काम गरी थाकी भोकाई घर फर्कने छन्। उसलाई पनि आधा भोजन बांकी राख्नु पर्छ भन्ने महान् करुणा राख्नु भई उहाँले आफ्ना पात्रमा बिर्कोले छोपि दिनु भएका थिए। काकवलीय ब्राम्हणीले फेरी प्रार्थना गरिन् – "भन्ते! यो आधा भोजन पनि ग्रहण गर्नु होस्। यो भोजन बास्तवमा एकै ब्यक्तिलाई मात्र ठीक हुने हो। भन्ते! आज एक दिन हामी भोको रहन्छौं भन्ने करूणा राख्नुको सट्टा भविष्यमा गएर हामीलाई फेरी फेरि कहिल्यै पनि यस प्रकारको दुःख दरिद्रता भनेको नरहोस् भन्ने तर्फ नै बढी करूणा राखिदिनु होस्।" यसरी काकवलीय ब्राम्हणीले प्रार्थना गरे पछि, स्थविरले पुनः पात्र खोलि दिनु भयो। ब्राम्हणीले पनि आफ्नो इच्छा पूर्ण हुने गरी भोजन जम्मै दान प्रदान गरि सकेपछि पञ्चाङ्ग प्रणाम गरी प्रार्थना गरिन् – " यो दानको पुण्यको प्रभावले अहिलेको जस्तो दुःख दरिद्रता पछि हामीलाई कहिल्यै नरहोस्।" महाकाश्यप स्थविरले पनि "इच्छितं पत्थितं तुह्यं खिप्पमेव समिज्झतु" भनी आशीर्वाद दिई फर्कनु भयो। ब्राम्हणी पनि हर्षले गद् गद् भई प्रसन्न चित्त गरी महाकाश्यप भन्ते देखिए सम्म दर्शन गरी वसि रहिन्।

यसै अवस्थामा आफ्ना स्वामी पनि घर आइपुगेको देखेर उहाँलाई रिसाउन दिन हुन्न भन्ने विचारले हतार हतार स्वागत सम्मान गरी घर भित्र

Downloaded from http://dhamma.digital

लगी प्रसन्न तुल्याई बिन्ति भाव गरिन्— "भो स्वामी ! तपाईं आफ्नो मनमा केही पनि दुःख नमान्नु होस् । आज मैले ठूलो पुण्य गरें। हामीलाई भनेर पकाइ राखेको भोजन भिक्षु महाकाश्यप स्थविरलाई दान प्रदान गरें। तपाईं पनि यो पुण्य कार्यको अनुमोदन गर्नु होस्। हामीलाई यस प्रकारको दुःख दरिद्रता पछि कहिल्यै नरहोस् भनी प्रार्थना गर्नु होस् । मैले पनि त्यसरी नै आशिका गरेको छु । स्वामी ! आज हामी एक छाक भोकै रहंदैमा हामीलाई केही हुंदैन ।" आफ्नी स्त्रीले यसरी बिन्तिभाव गरेकी कुरा सुनी काकवलीय ब्राम्हणको पनि चित्त प्रमुदित भयो र भन्यो— 'तिमीले राम्रै काम गर्‍यौ। म केही दुःख मनाउ गर्दिन । हामीले पुण्य गर्न नसकेको हुनाले नै हामीलाई दुःख भइरहेको हो । बिना पुण्य सुख शान्ति अवश्य हुने होइन । तसर्थ आज हामीले पुण्य आर्जन गर्‍यौं । म त ज्यादै प्रसन्न छु। यसरी भन्दै अनेक ज्ञान गुणको कुरा गर्दै त्यो दिन त्यसै बिताए।

यो कुरा चारैतिर प्रचार हुँदै हुँदै अन्त्यमा भिक्षुहरूको कान सम्ममा पुग्यो। काकवलीय ब्राम्हणहरूले अत्यन्त दुःखी भएर पनि आफूलाई भनी पकाइ राखेको भात नै महाकाश्यप भन्तेलाई प्रदान गरे भन्ने कुरा भिक्षुहरूका बीच चर्चा हुन थाल्यो। भिक्षुहरूले यो समाचार भगवान बुद्ध सामु विन्ति गरे। भगवान बुद्धबाट आज्ञा भयो— "भिक्षुहरू ! काकबलीय ब्राम्हणहरूले राम्रै काम गरे। अब उनीहरूलाई सात दिन भित्रमै "दिट्ठ धम्म फल" प्राप्त हुनेछ।"

एकदिन राजा बिम्बिसार उद्यानको भ्रमण गर्न जाँदा टाढैबाट श्मसान-तिर फांसीको सजायँ दिनाको निमित्त खम्बा गादी सोही खम्बामा हात खुट्टा बाँधी चलहलै गर्न नहुने गरी बाँधि राखेको कैदिले राजालाई देखी महाराज ! महाराज !! भनी चिच्याएर कराउन थाल्यो । यसरी चिच्याएको शब्द सुनेर राजा बिम्बिसारले त्यहाँ भएका मानिसहरूसंग सोधे— त्यो के कराएको आवाज हूँ ? फांसी दिनलाई ठीक गरि राखेको कैदी चिच्याएको हो भन्ने कुरा बुझिसके पछि राजा उतैतिर गइ कैदीसंग सोध्दा कैदीले बिन्ति गर्‍यो- महाराज ! म मर्न लागिसकेको मान्छे हुं । तथापि मलाई ज्यादै नै भोकले सताइराखेको छ । मर्नु भन्दा अघि तृप्त हुने गरी एक पेत भरी खाना र एक

Downloaded from http://dhamma.digital

करूवा पानी पिउन पाउँ। मृत्यु अगाडिको यो मेरो एउटा प्राथना पूरा गरि दिनु होम्, महाराज त्यो मान्छेले साह्रै नै दयनीय तरीकाले यसरी प्रार्थना गरेको हुंदा राजालाई त्यो कैदी माथि दया लागी धैर्य दिंदै भनेः—"तैंले मागेको बस्तु म नगरमा गइसके पछि एकजना मान्छेको हातमा पठाइ दिने भएँ।" यति आश्वासन दिई राजा त्यहाँ बाट अन्यत्र लागे। दरबारमा फर्किसके पछि राजालाई यताउतिको राजकाज सम्वन्धी काममा लाग्नु परेको हुंदा आफूले कैदीलाई दिई आएको बचन राजालाई तत्काल सम्झना रहेन। पछि झलक्क कैदोलाई सम्झे पछि राजा बिम्बिसारले आपना मन्त्रीहरूलाई बोलाएर भनेः– मन्त्रीहरू! अघि म उद्यान भ्रमन गर्न जाँदा फाँसी दिनलाई तयार गरि राखेको एक कैदीलाई खानेकुरा र पानी खुवउन पठाइ दिन्छु भनेर आएको थिएँ। अहिले तुरन्तै एउटा मन्छेलाई भोजन दिएर पठाइ दिनू। राज आज्ञा सुनी मन्त्रीहरूले दरवारमा रहेका कर्मचारीहरूलाई अह्राउँदा कोही पनि त्यहाँ जान चाहने मान्छे फेला परेन। त्यसैले एक हजार को थैली दिइ शहरमा चारैतिर घण्टाघोषण गर्न पठाइ दिए "– जो मान्छे श्मसानमा फाँसी दिनलाई राखि छाडेको मान्छेलाई खानेकुरा खुवाउन जान्छ त्यसलाई यो एक हज़ारको थैली इनाम दिइने छ।"

राजकर्मचारीहरूले यसरी प्रचार गर्दै हिंडेको शब्दलाई सुनी थुप्रै मानिसहरू त्यहाँ जम्मा हुन आए। काकवलीय ब्राह्मणी पनि त्यहाँ के को भीड लागेको रहेछ भनी उत्सुकतावश हेर्न जांदा राजपुरुषहरूले प्रचार गर्न लागेको सूचना सुनी ब्राह्मणीले मनमनै बिचार गर्न थालिन्– यो एक हजारको थैली मैले लिई भात खुवाउन म नै जान्छु। यसरी मनमा कुरा खेलाइ सके पछि राजकर्मचारीहरूको छेउमा गएर भनिन् – हे दाज्यूहरू ! त्यो थैली मलाई दिनु होस्। म भात खुवाउन जान्छु। राजकर्मचारीहरूले सोधे – यो थैली लिएर तिमी अहिले तुरन्तै भात खुवाउन जान सक्छौ त ? लौ, सक्ने भए ल लेउ भनी त्यो हजारको थैली ब्राम्हणीलाई सुम्पिदिए।

त्यहाँ श्मसानमा बस्ने मान्छेलाई भात खुवाउन जान सक्छौ त भनी सोच्नाको कारण के थियो भने त्यहाँ भात खुवाउन जाने श्मसानको बाटोमा रहेको जंगलमा दीर्घताल नामक राक्षस एकजना वस्दथ्यो।। त्यसैले झमक्क साँझ पर्ना साथै चार पांच जना मान्छेहरूको जमातै पनि त्यहां जान हिम्मत

Downloaded from http://dhamma.digital

गर्दैन्थ्यो। कारण अबेर गरी त्यो बाटोमा कोही हिंडेको देख्ना साथ त्यस राक्षसले त्यो बटुवालाई बांकी राख्दैनथ्यो। दीर्धताल राक्षस त्यो श्मसान जाने जंगलमा बस्ने गरेको कुरा सबैलाई थाहा भएको कुरा थियो।

काकवलीय ब्राम्हणीको मनमा पनि यस प्रकार दुःखी दरिद्र भएर बाँचिरहनाको प्रयोजन केही छैन। बरू म एक जनालाई राक्षसले भक्ष गरे पनि गरोस्। यो एक हजारको थैली प्राप्त भएमा मेरा लोग्नेले त आनन्द सुख-पूर्वक जीवन व्यतीत गर्न पाउनु होला भन्ने बिचार रह्यो। त्यसैले त्यो ब्राम्हणी एक हजारको थैली बोकी आफ्ना घरतिर लागिन्। काकवलीय ब्राम्हण पनि बाहिर आफ्नो गर्नु पर्ने काम सकी घर फर्क्यो। आफ्ना लोग्ने घर आइ पुग्ना-साथ त्यस स्त्रीले सम्मान पूर्वक सेवा चाकडी गरी बिन्ति गरिन् – भो स्बामी म एउटा कुरा बताउंछु। तपाई केही चिन्ता नलिनु होस्। अहिले भर्खरै राज-कर्मचारीहरू आई श्मसानमा बाँधिराखेको मान्छेलाई भात खुवाउन जाने ब्यक्तिलाई एक हजार रूपिया दिन्छु भनी भन्न आएका थिए। मैले भात खुवाउन जाने कबुल गरी यो एक हजारको थैली लिइ आए हेर्नोस्, यही हो थैली भनी एक हजारको पोको अगाडि सारिं दिइन्। कुरा मात्र जम्मै के बुझेको थियो त्यो ब्राम्हण कराउन थाल्यो – ल ! ल ! यो मान्छेले के काम गरेकी यो ? के भयो तिमिलाई ? के तिमो मर्न जान लागेको त्यहाँ ? त्यहाँको बाटोमा पर्ने जंगलमा दीर्धताल राक्षस बस्छ भन्ने कुरा के तिमीलाई थाहा छैन र ? लौ जा ! छिटै गएर यो रूपियांको पोको फिर्ता बुझाएर आउ' छिट्टै लैजा। ल लगी हाल। जा ! जा ! दौडेर गएर फिर्ता बुझाएर आउ। यसरी आतिएर एकै सासमा थैली फिर्ता दिएर आउन ब्राम्हणले ताकेता गर्न थाल्यो। काकवलीय स्त्रीले बिस्तारै भनीन्– "यो थैली फिर्ता बुझाउन जान भएन। मैले भात खुवाउन जाने कबुल गरेर यो थैली लिइ सकेको हुंदा अब फिर्ता बुझाउन गएर पनि भएन। म गईन भने अब मलाई बांकी राख्ने छैन। अहिले छिटै नै आउनु पर्छ भनेर गएका थिए। तपाईलाई एकपल्ट भेटेर मात्र जान्छु भनी म तपाईलाई पर्खि बसेकी थिएँ। हे स्वामी ! मलाई नरोक्नोस्। तपाई यो एक हजारको थैली लिइ सुख आनन्द पूर्वक जीवन ब्यतीत गर्नु होस् हामी यसरी दुःखी दरीद्र भएर बांचिरहनु भन्दा त म एक जना गएर तपाईले सुखपूर्वक आनन्दसाथ बस्नु नै उत्तम छ। यथा सम्भव चाहिंदो यत्न उपाय गरी म पनि त्यो राक्षसको हातबाट उम्केर आउने छु। अनेक यत्न उपाय

Downloaded from http://dhamma.digital

गरेर म त्यस राक्षसको पंजाबाट उम्केर अवश्य आउन सक्ने छु भन्ने विश्वास मलाई छ । तपाईले केही चिन्ता लिनु पर्दैन । यस प्रकार आफ्नो स्त्रीले अनेक प्रकारले सम्झाए बुझाए पनि काकवलीय ब्राम्हण राजी भएन । तिमीले जे सुकै भने पनि म तिमीलाई पठाउन्न । दुःख सुख जे भएपनि पानि मात्र खाएर बांच्नु परे पनि हामी दुवै जना संगै बसेर बांचिरहौंला । तिमीले लिएर आएको यो दामको पोको मलाई चाहिएन । तुरन्त फिर्ता गर्न जाउ । तिमी नभए पछि म एक्लै सुखानन्दका साथ बाँचिरहने कुरा मलाई मन पर्दैन, बिल्कुलै मन पर्दैन ।*

* १ जीवन, स्त्री पुरुषको प्रेम धन्य होइन र ? काकवलीय ब्राम्हणहरूका दाम्पत्य यसै प्रकारले सबै सज्जनबृन्दले परस्पर मैत्रीपूर्ण प्रेम राखेर बस्नु अति उत्तम कुरा हो ।

आइमाई मात्र भनेर पनि हुंदैन । काकवलीय ब्राम्हणीले आफ्नो पतिले दुःख पाई हिंडेको हेर्न नसकेर बरु पतिको सुखको निम्ति आफ्नो जीवन नै त्याग गर्ने हिम्मत गरिन् । पति चाहिले पनि आफ्ना प्रियतमा पत्नीलाई दुःख दिइ आफू एक्लै मात्र सुख आनन्द पूर्वक बस्ने इच्छा गरेन । बरु पानी मात्रै पिएर बांच्नु परे पनि दुवै साथै बसीं जीवन ब्यतीत गर्ने कुरालाइ नै रूचाए ।

संसारमा सबैको मन उस्तै हुंदैन । कति पुरूषहरू दामको पोको मात्र पाएको खण्डमा आइमाई भनेको हजारौं आउंछन् भन्ने खालका छन् । कति आइमाईहरू पनि यस्ता छन् कि त्यस्तो दुःखी लोग्ने त्यस्तो कुरूप लोग्ने कहाँ बस्दिन भनि अनेत्र पोइल जाने गर्दछन् । भगवान बुद्धको सदुपदेशमा पनि बताइएको छ :– स्त्री पुरूषहरूको मनमा नराम्रा कुरा खेलाउनु हुदैन । पुरूषले पनि पत्नीव्रत धर्ममा बस्नु पर्छ । स्त्रीहरूले पनि पतिव्रता धर्ममा बस्नु पर्छ । दुवै दम्पतीले पनि आ–आफ्ना कर्तब्य पालन गरेर बस्नु पर्छ ।" त्यसो गरेन भने ठूलो आपत्ती छ भन्ने कुरा पनि बताइएको छ । बास्तवमा सबैलाई सुख शान्ति प्राप्त गराउना निम्ति नै पञ्चशील पालन गर्नु पर्छ भन्ने कुरामा भगवान बुद्धको धर्ममा निकै नै जोड दिइराखेका छन् । त्यसैले सारिपुत्र भन्तेले आफूले भेटे जति स्त्री पुरूषहरूलाई उपासकोपासिकाहरूलाई शील लिएको छ कि छैन, शील लेउ भनी भन्ने गर्नु हुन्थ्यो । यही कुराले गर्दा कतिपय मानिसहरू उहाँलाई निन्दा गरेर पनि जाने गर्दथे – पञ्चशील लिने नलिने कुरा हामी आफ्नो इच्छा बमोजिम गर्छौं । कसैको करकापमा बसी शील लिनु पर्ने होइन भनी असन्तुष्ट भएर जाने पनि गर्दथे ।

Downloaded from http://dhamma.digital

*काकवलीय ब्राम्हण दम्पतीको पनि यसरी कुरा गरिरहेको समयमा राज कर्मचारीहरू आएर ताकेता गर्न आए – हे काकवलीय ब्राम्हणी ! के गरिरहेकी छौं ? अबेर भयो, छिटै आउ। राजाज्ञा अनुसार भात खुवाउन जान अबेर भइसक्यो। लौ, छिटो आउ। यसरी राज कर्मचारीहरूले आएर बोलाउन आएको शब्द सुन्नां साथ काकवलीय ब्राम्हणी एकदमै तर्सिन्। लौ, भएन, अब ढीला गरेर बस्नु भएन। नत्र जवर्जस्ती गरेर पनि लग्ने छन् भन्ने संझी हतास हतास उठी आफ्नी स्वामीको पाद कमलमा ढोगीं बिलाप गर्न लागेको लोग्नेलाई छाडी राज कर्मचारीहरूका साथ दरबारतिर लागिन्। दरवारमा राजाको अगाडि पुगे पछि बिम्बिसार राजाले काकवलीय ब्राम्हणीसंग सोधे– श्मशानमा भात खुवाउन जान्छु भन्ने मानिस तिमी हौ त ? काकबलीय ब्राम्हणीले बिन्ति गरिन् – हो महाराज ! मैले भात खुवाउन जान्छु भनी एक हजारको थैली लिएकी छु। राजा – अनि किन अबेर गरेर बसेकी त ? फेरि मन्त्रीहरू तिर हेरेर भने – लौ, उनलाई दिएर पठाउनु पर्ने के के हो भात दाल, तरकारी, पानीको भाँडो सबै अगाडि राखि देउ। मन्त्रीहरूले राजाको आज्ञा अनुसार सबै चीज अगाडि राखि दिए। अनि फेरि राजाबाट आज्ञा भयो लौ छिटो जाउ। अब तिमोलाइ अरू केही चाहिन्छ कि, भन ? काकवलीय ब्राम्हणीले बिन्ति गरिन् – महाराज ! म आफ्ना लागि सेनापतीको तलवार सहित एक जोर बस्त्र, जुत्ता एकजोर र एउटा छाता माग्छु। त्यो आइमाई को कुरा सुनी राजाले बिचार गरे कि यो आइमाई निश्चय पनि बुद्धिमती हुन्। अनि मन्त्रीहरूलाई अह्राई उसले मागेको सबै चीजहरू दिलाइ दिए। यति दिइ सकेपछि काकवलीय ब्राम्हणीलाई छिटो जानू भनी पठाइ दिए।

काकवलीय ब्राम्हणीले पनि सेनापतीको पोशाक लगाई ढाल तलवार भिडी राजाबाट पाएको जुत्ता लाइ छाता ओढी भात, दाल, तरकारी एउटा भांडोमा राखी पानीको भांडो एउटा समेत लिई टक टक जुत्ता लगाएर फूर्ति साथ श्मशानको बाटो लागिन्। क्रमश: उनी दीर्घकाल राक्षस बसेको भयानक

*१सज्जनबृन्दले राम्ररी बिचार गरेर हेरेको खण्डमा स्पष्ट हुने छ कि सारिपुत्र भन्तेले कसैलाई दु:ख कष्ट दिना निमित्त शील लेउ भनी जोड गर्नु भएको होइन। शीलबिना कसैलाई पनि सुख शान्ति प्राप्त हुन सक्दैन। शील नलिइकनै शील पालन नगरीकनै सुख शान्ति प्राप्त हुन्छ भन्ने धारणामा बस्नु बिल्कुल भूल मात्र हुने छ।

Downloaded from http://dhamma.digital

जंगल छेउ आइ पुगी । उनीलाई त्यो जंगलको बिषयमा आफूले पहिले सुनि-राखेका कुराहरू झलक्क सम्झना भयो । दीर्घताल राक्षस बस्ने जंगल भनेको यही होला । अब मैले बहुतै सतर्कताका साथ जानु पर्छ बेहोसी हुनु हुदन । भयभीतपना देखाउन पनि हुदैन । नडराइकन फूर्तिका साथ हिंड्न सकेमा मात्र मेरो कल्याण हुन्छ भन्ने मनमा कुरा खेलाइ शुरवीर भएर निर्भिकताका साथ टक् टक् जुत्ताको आवाज निकाली उनी जंगलबाट जान लागी । जांदा जांदा जंगलको बीचमा आइपुगी । त्यतिकैमा टाढैबाट भयंकर कोलाहल शब्द सुनिन लाग्यो । हे मान्छे ! तं त्यही उभिरहोस् । तं जान पाउन्नस् । भन्दै राक्षस दगुरेर आयो । त्यो दोर्घताल राक्षस साह्रै नै अग्लो तालबृक्ष बराबरको थियो । उसका दुईवटा आँखा नै फर्सि जत्रा थिए अथवा भिक्षुहरूको पिण्डपात्र जत्रा थिए । मुख रातो भई लामा लामा दाह्रा निस्केका थिए । त्यस्तो दीर्घताल राक्षस भयावह हुने गरी राता राता ठूला ठूला आँखा गरी उफ्री उफ्री दगुरेर आयो । त्यो राक्षस आएको मात्र देख्ना साथै एकचोटी त काकवलीय ब्राम्हणीको सातो पुत्लो उड्यो तर निवर्क होस गरी स्मृतिलाई अगाडि राखि हिंदिरहेकी हुंदा तुरून्त मन मनै बिचार गरिन् – मैले डराउनु पर्ने कारणै के छ र ? मेरी आफ्ना स्बामीलाई आजीवन सुखान-न्दपूर्वक जीवन ब्यतीत गराउने उद्देश्यले म त मर्छु नै भनी आएकी हुं । अहिले डराएर कुनै उपाय लाग्ने पनि होइन । हुन सकेसम्म त म यसको पंजाबाट मुक्त भएरै जाने प्रयास गरूंला । यसरी मनमा कुरा खेलाई कती पनि नडराइ फूर्ति साथ निर्भिक भई जाँदै गरिन् । राक्षस पनि तुरून्तै उनको समीप आई पुगेर भन्यो – हे मनुष्य ! कहाँ जान लागिस् तं । त्यहीं उभी राख ।

ब्राम्हणीले रूखो स्वरमा जवाफ दिइन्– किन उभीरहने म ?

राक्षस – तैंले मेरो जग्गामा टेकेर आएको हुंदा तँ मेरो आहारा बनिस् ।

ब्राम्हणी – तिम्रो जग्गामा मैले टेकेर आएको छैन । म त आफ्नै जुत्तामा टेकेर आएको छु ।

राक्षस – यसको फूर्ति हेर न यसको ? तैंले मेरा रूखको छहारीको उपभोग किन गरेर आइस् त ? यो जंगल; यी रूखहरू, यो जग्गा यी सबै मेरो हक लाग्ने कुरा हुन् । याहाँ आएका जति सबै मेरा खाना हुन् ।

Downloaded from http://dhamma.digital

ब्राम्हणी – यो जंगलादि बृक्षहरू तिम्रो भए तिम्रै गरेर बसिरहू। मलाई यसको चासो परवाह छैन। म त आफ्नै छाताको छहारी मुनिबाट आएको हुँ। तिमीले मलाई रोक्नु पर्ने कारण के छ ?

राक्षस – यसको घमण्ड नै हेर न ? म देखि त नडराउने यो। चाहियो तँलाई ?

ब्राम्हणी – तिमी देखी डराउनु पर्ने के छ र ? के गर्न सक्छौ तिमी ?

राक्षस – के गर्न सक्छौ भन्छस् तँ अझै। अहिले नै मारामुरू गरेर खाइ

दिन्छु म भन्दै मुख आं आं गरी बाउँदै ठूला ठूला आंखाले हेरी त्रास देखाउन थाल्यो। खान खान खोजे झैं गर्न थाल्यो। तथापि त्यो काकवलोय ब्राह्मणीले कति पनि नडराईकनै उत्तर दिइन् – तँ राक्षसले मलाई छोएर मात्र हेर त ? को भन् थानिस् तैंले मलाई ? राक्षसले हर्र्र् हाँस्दै भन्यो– तँ जस्तो मान्छेको फूर्ति ? तँ जस्तो यो मेरो मुखमा मेरो पेटमा कति गए कति ? अहिले पनि तँ त मेरो मुखमा पस्ने भई हालिस्। मैले मीठो खान पाउन भै गएँ। त्यसैले होला। आज विहानै देखि खुशी भएर मेरो ओठ फर् फर् चलि रहेको। त्यसो भन्दै उनीलाई समाउन त्यो राक्षसले आफ्नो हात बढायो।

ब्राम्हणी– हे राक्षस ! मान्छे चिनेस तैंले। छोएर मात्र हेर त मलाई। देखछस् तैंले यो तलवार भन्दै दापबाट चम चत चम्केको तलवार झिकेर देखाइन्। आज बिहान देखि तेरा ओठ फर फर चलिरहेका कारण के भन्थानिस् तैंले ? यही तलवारले तेरो मुख घांटीमा धसी मुखै चिर्ने भयो भनेर डराएर थर् थर् कांपिरहेको हो त्यो बुझिस् ? यसरी निर्भिक रूपले पटक्कै नडराई नांगा तलवार हातले समाती कसेर उभी रहिन्।

यस प्रकार काकवलीय ब्राम्हणीले डर भनेको पटक्क नदेखाई निर्भिक रूपमा तलवार समाई कसेर बसिरहेकी देखेर दीर्घताल राक्षस त आश्चर्य चकित भयो। मन मनै बिचार गर्न थाल्यो कि

Downloaded from http://dhamma.digital

यो मान्छे त लरतरो मान्छे होइन बा ? बहुतै शूर शक्ति सम्पन्न बल्वान् पुरुष होला । यस्ता मानिसहरू त मंले देखेकै छंन । कुरा पनि एउटा एउटा कुराको पनि कडा कडा जवाफ दिइ रहेको छ । पहिले पहिलेका मान्छेलाई मंले एकचोटी हो ! भनेर चिच्याउना साथ कति मान्छे त भागि हाल्थे । कति त्यहीं कुकुर भैं पुच्छर लतकाएर भाग्थे । कति त मूर्छा नै पर्दथे । अनि मैंले सजिलै संग भक्ष गरि आएको थिएँ । अहिले यो पुरुष चाहिं त अलिकति पनि हटेको होइन । झन् उल्टो तलवार हातले समाती कसेर बसिरहेका छन् । यस्ता शूर शक्ति सम्पन्न व्यक्ति अवश्यमेव राज सेनापती नै हुनु पर्छ । रूप वर्ण आदि पनि सेनापती कै जस्तै छ । यसलाई रिसाउन दिंदा ठोक हुँदैन होला । अब मैंले योसंग बिस्तारै एउटा दुइटा प्रश्न सोध्नु पऱ्यो भनी अनेक प्रश्न सोधे ।

सबै प्रश्नको उत्तर सुनिसकेर सन्तुष्ट भएका त्यस राक्षसले भन्यो— मलाई सन्तोष भयो । अब म तपाईलाई के चढाउँ । मंले याहाँ ताड्को बृक्ष मुनि सुवंण घडा चारवटा गाडि राखेको छु । यही सुवर्ण चार घडा तपाईलाई चढाएँ । स्वीकार गर्नु होस् ।

ब्राम्हणी— तिमीले सश्रद्धा प्रदान गरेको सुवर्ण घडा चार मैंले स्वीकार गरि सकें । अहिले मलाई श्मशान सम्म जाने काम छ । त्याहाँबाट फर्केर आउंदा मात्र लिएर जाउँला ।

राक्षस— तपाईं उतातिर जाने भए त्यहीं बाटैमा सातवटा इम्लीको बृक्ष-हरू भएको ठाउँ छ । त्यहाँ सुमन भन्ने देवताले बास गरेको छ । उसलाई तपाईंले एउटा समाचार भनि दिनोस् कि आज राती दीर्घतालकी स्त्री काली नाम गरेकी तपाईको पुत्रीले सुन्दर पुत्र रत्न एउटा जन्माइन् ।

त्यो यक्षले भनेको समाचार पनि म बताइ दिन्छु भनी स्वीकार गरो काकवलीय ब्राह्मणी त्याहाँ वाट पनि सीधा श्मशान तिर लागिन् । जांदा जांदा दीर्घताल यक्षले वताएको ठाउंमा पुग्नासाथ त्यहीं एक छिन उभी सुमन देवता ! सुमन देवता !! भनी ठूल ठूलो स्वरमा वोलाएर भनिन् — सुमन

Downloaded from http://dhamma.digital

देवताकी छोरी दीर्घतालको कालीं नाम गरेकी स्त्री तर्फबाट आज राती सुविस्तासाथ अति नै सुन्दर पुत्र रत्नको जन्म भयो। यसरी ठूलठूला स्वरबाट त्यो मंगल समाचार सुनाएको शब्द सुनेर सुमन देवताले दौडेर बाहिर आएर सोधे— यो मंगल समाचार मलाई सुनाउन आउने व्यक्ति को हो ?

काकवलीय ब्राम्हणी (पुरूषको भेषमा):— यो मंगल समाचार सुनाउन आउने व्यक्ति म नै छु ।

सुमन देबता – तपाईले कसरी थाहा पाउनु भयो ? तपाईलाई कसले बतायो ?

ब्राम्हणी— म बाटोमा आइरहेको बेलामा दीर्घतालले मलाई भेटी बताएर ल्याएको हो ।

सुमन देवता – धन्य हो ! तपाईले यो शुभ समाचार मलाई सुनाउन आउनु भयो। मेरो दिलै शीतल भयो । मलाई बहुतै हर्षानन्द भयो। मेरो नातिको मुख कहिले हेर्न पाउने होला भनी धेरै वर्ष भयो मैले आशिका गरिबसेको। आज मेरो आशिका पूर्ण भयो। यस्तो महान् शुभ समाचार सुनाउन आउनुहुने तपाईलाई म के चढाउँ। यहाँ यो ठाउंमा यो रूखमुनी सुवर्णको घडा ८ वटा गाडिराखेको छु। यही नै मैले तपाईलाई चढाएँ। स्वीकार गरी ग्रहण गर्नुहोस्।

ब्राम्हणी— तपाईले प्रदान गरेको बस्तु मैले स्वीकार गरें। अहिले मलाई श्मसान तक एउटा काममा जानु पर्ने छ। त्याहाँबाट फर्केर मात्र लिन आउंला। यति भनी सुवर्ण घडा गाडिराखेको ठाउंमा राम्रो संग चिन्ह लगाई चिनी त्यहांबाट पनि सिधा श्मशान तिर हेर्दै प्रस्थान गरिन् ।

अनि श्मसानमा पुगी हेर्दा फांसी दिनलाई राखि छाडेको हात गोडा दुबैमा डोरीले बांधी जमीनमा खम्वा गादी सोहीं खम्बामा चलहलै गर्न नहुने गरी बांधी राखेको मान्छेलाई देखिन्। त्यो कैदीले पनि भात राखि ल्याएको भांडो र पानीको भांडो लिएर आउने पुरूषलाई देखेर मलाई नै खाना खुवाउन आएको मान्छे हो भन्ने जानी छिटो छिटो हतपताउंदै बोलायो —

Downloaded from http://dhamma.digital

भो मित्र ! यता आउनोस् ! छिटो आउनुहोस् !! काकवलीय ब्राम्हणीले पनि छिटै त्याहाँ पुगी भात, दाल, तरकारी, पानीको भांडो समेत उसको अगाडी राख्दै भनिन् – "लौ ! राजाले तिमीलाई भनेर दिएर पठाएको हो। तिमीले लिएर खाऊ।" यति भन्दै त्यो मान्छेलाई जान लागेको देखेर त्यो चोरले बिन्तिभाब गर्दै भन्यो – अहो मित्र! तपाईले मेरो अगाडि यसरी राखेर गएर मैले कसरी खाने ? मेरो हात गोडा चलाउनै नहुने गरी बाँधिराखेको छ। कृपया मलाई यति खाना खुवाएर मात्र जानु होला। कृपया कष्ट नमान्नु होला।। काकवलीय ब्राम्हणीको पनि त्यो चोर प्रति करुणा जागेको हुँदा यो भात दाल, तरकारी यति खुवाएरै जान्छु भनी भात, दाल, तरकारी उसको मुखमा हालिदिंदै खुवाउन थाली। यसरी भात खुवाउंदा झोल यताउति पोखी जिउमा पनि पर्न थाल्यो। अनि काकवलीय ब्राम्हणीले उसको जिउमा यता-उति पोखेको भात, दाल आदि पुछ्दै पयाँक्न थाली। त्यो चोरको जिउमा पुरूषको भेष धारण गरिरहेकी काकवलीय ब्राम्हणीको कोमल हातबाट मृदु स्पर्श हुनासाथ त्यो चोरको मनमा आर्कै कुचित्त उत्पति भयो कि यो मान्छे त लोग्ने मान्छे होइन रहेछ। यसरी कुचित्त उत्पति गरो भात दाल आदि पुछी पुछीकन फ्याँकि रहेकी त्यो ब्राम्हणीको शिरको कपाल नै त्यो चोरले आफ्नो मुखले टोकेर तान्न थाल्यो। टोकेको कपाल छोडि देउ भन्दा पनि छोडेको होईन। उपकारको बदला अपकार गर्ने त्यो मान्छे देखेर काकवलीय ब्राम्हणी-लाई ठूलो रीस उठ्यो। ता पनि आज भोली नै फांसी दिने नै भइसकेको मान्छेलाई फेरी मैले एकचोटी केही गरी किन पाप कमाउं; भैगो भनी उठेको क्रोधाग्निलाई शान्त गरी त्यो चोरले टोकिराखेको आफ्नो कपाललाई बिस्तारै तलवारले काटी छुटाई त्याहाँबाट सिधा घर तिर लागिन्।

काकवलीय ब्राम्हणीले आफूले अभिभार बोकेर आएकी काम सिध्याई घरतिर हेर्दै फर्किरहंदा घरमा आलाप बिलाप गर्दै गरेको लोग्नेलाई छाडि आएकी कुरा सम्झन लागिन्। घरमा आफ्नो पतिले के दशा गरि राखेको होला, कति विलाप गर्दै रूँदै करांउदै गरिरहेको होलान् भन्ने कुराले उनीलाई ठूलो चिन्ता उत्पन्न भएर आयो। त्यसैले सकेसम्म छिटो घर पुग्ने हिसाबले उनी लम्केर हिंड्न थालिन। क्रमश: आफ्नो घरको सन्निकट आइ पुगे पछि उनीले टाढैबाट आफ्नो पतिले आलाप बिलाप गर्दै रोई कराइरहेको स्वर सुनिन्। अनि त उनीले झन आफ्नो मन थाम्न सकिन। त्यसैले म फर्कि-

Downloaded from http://dhamma.digital

सकें भन्ने कुरा यहींबाट भनेर पठाइदिनु पर्‍यो, अनि उसको मन शान्त हुन्छ, दिल खुशो हुन्छ, चिन्ता लिदैन भन्ने बिचारले ठूलठूलो स्वरमा कराउदै जान थालिन् - भो स्वामी ! म फर्कि सकें। तपाईले केही चिन्ता लिनु पर्दैन। म आइ सकें। यस प्रकार टाढैबाट विशब्द बिशब्दले चिच्याई आफूलाई बोलाउदै आइरहेकी काकवलीय ब्राम्हणीको शब्दसुन्ना साथ यतालोग्ने चाहिंको मनमा उल्टो बिचार उत्पन्न भयो— लौ, अब भने बितायो। मेरी प्रियतमालाई त्यो यक्षले मारामुरू गरी खाए होलान्। अब उनीले मेरो मायालाई त्याग्न नसकेर अगति भएर म कहां आइ पुगिसकिन्। अब म के गरूं अब म के गरूं भनी हतबुद्धि भएर बस्न थाल्यो। डराउन पनि निक्कै डराउन थाल्यो। अनि आफ्नो मायालाई त्याग्न दिएर अगतिलाई टाढैबाट फर्काएर पठाउने बिचारले त्यो ब्राम्हणले ठूल ठूलो स्वरमा जवाफ दिन थाल्यो — प्रिय ! तिमी मेरो मायाले म कहाँ आइ रहनु पर्दैन। तिमीले त्रिरत्न अनुस्मरण गर। सद्गति प्राप्त गर्ने कोशिस गर। मेरो मायालिई तिमी म कहाँ आइरहनु परेन इत्यादी। आफ्नी स्त्रीलाई टाढैबाट हटाएर पठाउने उद्देश्यले यसरी भन्दा भन्दै नै काकवलीय ब्राम्हणी आफ्नो घर मुनी आइ पुगी ढोका घच्घच्याउदै बोलाउन थालिन्। यति भएपछि त्यो ब्राम्हणको जिउ सिरिङ्ग सिरिङ्ग गर्न थाल्यो। शरीर गह्रौं भएर आयो रौं थाडा थडा हुन थाले। कानमा घण्टी बज्न थाल्यो निकै नै भयभीत हुन थाल्यो। त्यसैले ढोका खोल्न नगईकनै माथिबाटै फेरि कराए- प्रिय ! तिमी मेरो माया लिएर] याहाँ आइरहनु पर्दैन। तिमी सद्गतिमा बास गर्न जाऊ। तिमीले दिएर गएको दाम सबै नै म विहारमा गई भिक्षुहरूलाई भोजनादि दान प्रदान गरी प्राप्त भए जति पुण्य फल सबै नै तिम्रो सदैव सुख शान्ति र सद्गति मोक्षको कामना गरो तिम्रो नाउमा अर्पण गर्ने छु। प्रिय ! तिमी मेरो माया लिई म कहाँ आइरहनु। त्रिरत्न स्मरण गरी सद्गति प्राप्त गर्ने कोशिस गर। यसो भन्दै त्यो ब्राम्हण अत्यन्त भयभीत तरीकाले कांपेको स्वरमा कराइ रह्यो। तल घर मुनी बसी ढोका घच्घच्याइरहेकी ब्राम्हणी पनि कराउन थालिन्- तपाई पनि कस्तो रहेछ बा! के भनी कराइरहनु भएको हो त्यो !! छिटो ढोका खोल्न आउनु होस्। म याहां सजिलैसंग फर्किसकें भन्दा भन्दै के के भनेर मात्र कराइरहनु भएको हो त्यो ! छिटो ढोका खोल्न आउनु होस्। म याहाँ थाकिसकें। लौ, छिटो ढोका त खोल्न आउनोस्।

Downloaded from http://dhamma.digital

यस प्रकारले काकवलीय ब्राम्हणीले जतिसुकै भने पनि काकवलीय ब्राम्हणको मनमा भने आफ्नी स्त्रीलाई त्यो यक्षले अवश्यमेव खाइसके कै होला, यिनी केवल मेरो मायाले नै मात्र याहाँ अगति भएर आइरहेकी हुन् भन्ने नै निश्चए भइरहेकोले फेरि फेरि पनि त्यसरी नै दोहोऱ्याउँदै जवाफ दिइ रह्यो— तिमी म कहाँ आइ रहनु पर्दैन। तिमीले मेरो माया लिइ रहनु परेन। तिमीले सद्गति प्राप्त गर्ने कोशिस गर। त्रिरत्न गुणानुस्मरण गर आदि।

काकवलीय ब्राम्हणीको पनि भन्दा भन्दै पनि केही शीप नलाग्ने भएपछि जवर्जस्ती नैं गरी ढोका सोका फोरी बुलाई सरासर माथि गइन्। अनि त काकवलीय ब्राम्हणको सातो पुत्लो उडो कहाँ जाउँ कहाँ जाउँ भयो। बिशब्द विशब्द गरो चिल्लाउन पनि थाल्यो— तिमी याहाँ नआऊ। तिमी मकहाँ नआऊ।आफ्नो लोग्नेले यसरी जतिसुकै चिल्लाउँदै गरे पनि त्यो ब्राम्हणी झन् झन् नजिक आइन्। ब्राम्हणको त हंसले ठाउँ छोड्न थाल्यो। उसको मुखबाट भने यति मात्र निस्कंदै गऱ्यो— हे प्रिय! तिमी मरिसकेकी छौ! तिमीलाई त्यो यक्षले मारामुरू गरेर खाइ सकेको होइन र? तिमी मेरो मायाले मात्र याहाँ आइ राखेकी हौं। प्रिय! तिमीले मेरो माया लिइ नरह मेरो मायामा बसुञ्जेल तिमी अगतिमा पतन भइ रहने छौ। मेरो माया लिएर नबस। त्रिरत्न गुण स्मरण गर। सद्गतिमा जाने कोशिस गर। आफूलाई मरेकी सम्झेर प्राणै जाने गरी तर्सी सकेर सुकेको र कम्पित स्वरमा चिल्लाइ रहेको आफ्नो लोग्नेको नजिकै गएर उसको हात च्याप्पै समाती काकवलीय ब्राम्हणीले भनिन्— कस्तो मान्छे हुनु हुंदो रहेछ तपाईं त! लौ, म मरि सकें त? म मरि सकेको हो त? त्यो ब्राम्हणीले आफ्नो हात मात्र के समाएकी थिईं ब्राम्हणको हंसै उडी बुलुंक्क बुलुंक्क उफ्री चिच्याउन थाल्यो- मलाई नछोऊ। तिमी मलाई नछोऊ।*

---

*१ यो संसारमा मृत्युदेखि नड़राउने प्राणीहरू दुर्लभ मात्र छन्। धर्मपदमा पनि भनिएको छः—

सब्बे तसन्ति दण्डस्स, सब्बे भायन्ति मच्चुनो
अर्थात दण्डदेखि सबै डराए झैं मृत्यु देखेर पनि सबै डराउँछन्।

त्यतिका प्रेम माया प्यार गरी दिन भरि नै स्त्रीको नाउँ लिई आलाप बिलाप गरिरहेको ब्राम्हणले आफ्नी स्त्री फर्केकाका बखत मरेको मान्छे आयो भनी तर्सी चिल्लाई चिल्लाई

आफ्नो लोग्नेले यसरी आफूलाई जतिसुकै नछोऊ नछोऊ भन्दै चिल्लाई चिल्लाई कराए तापनि स्वास्नी चाहिले जबर्जस्ती नै त्यो ब्राम्हणको हात समाई आफूसंगै बसाई सोधिन् - लौ, अब म मूर्दा हुं त ? म अगति हु त ? म मरिसकेको अगति भए मेरा हात गोडा यसरी गरम हुन्छन् र ? मेरो शरीर यस्तो हुन्छन् र ? लौ, तपाईले नै मलाई जांचेर हेर्नुहोस् । यसो भन्दै लोग्नेसंग टपक्क टांसिएर बस्न गइन् । अनि त त्यो ब्राम्हणलाई यसो भन्ने उसो भन्ने नै केही नसुन्नो उही स्वास्नीसंगै सोध्यो – तिमी के सांच्चिकै मरेको छैनौ त ? त्यो दीर्घताल यक्षको हातबात तिमी आईमाईको जाति भएर पनि कसरी बचेर उम्केर आयौ त ? मेरो मनमा त त्यो यक्षले तिमीलाई हात गोडा छिन्न भिन्न पारी खाइसक्यो होला । तिमी मेरो मायाले मात्र याहां आएकी होली भन्थानेको थिए । कस्ता कस्ता महा बलवान मानिसहरू त त्यो यक्षको हात-बाट उम्केर आउन सक्तैनन् कोही उम्केर आए भन्ने कुरा सुन्न पाएको छैन भने तिमी आइमाईको जाति एउटीले त्यो यक्षको हातबाट कसरी उम्केर आउन सक्यौ ? मलाई त यो कुरो अलि विश्वास लागेको छैन । प्रिय ! तिमीले मलाई नछकाईकन भन, सांच्चिकै तिमीले त्याहाँ श्मशानमा रहेको मान्छेलाई खाना सुवाएर आएकी त हौ त ?

पत्नी चाहिले भनिन्- नाथ ! मैले तपाईलाई छकाएर भनेको होइन । म त्याहाँ गएको हुँ । तर मैले अनेक यत्नोपाय गरेर गए । अब तपाई सुन्नु होस् भन्दै ब्राम्हणलाई घरमा रोइकराई गरेको अवस्थामा छाडी राज कर्मचारीहरू-संग दरबारमा गए देखि दरबारमा राजा बिम्बिसारसंग भए गरेका सबै कुरा बताई कसरी आफूले राजासंग मांगी सेनापतिको ढाल तलवार सहित बस्त्र एकजोर लिएर गएकी थिई भात, दाल, तरकारी र पानीको भांडो लिई श्मशान

---

*२मलाई नछोऊ, नछोऊ भनेर चिच्याउन थाल्यो । हुन त यो कुरा उसबखतको मात्र घटना होइन । आजकाल पनि मानिसहरू मरेको ठाउंमा रोइरहन्छन् । मलाई पनि लिन आऊ मलाइ पनि लिन आऊ भन्दै कोही कोही त सम्झाउदा सम्झाउदै हार खाने किसिमले मूर्च्छा मूर्च्छा नै पर्ने गरी करूणाको पात्र बन्दै रोइरहने पनि हुन्छन् । तर कुनै केही कारणवश यसरी रोइरहेको बेलामा झ्याल ढोकाको खापा एकचोटी मात्र पनि किरिरर आवाज आएपनि लौ मूर्दा आयो !! भन्दै तर्सिएर भागि हाल्छन् । त्यसैले त्यो काकव-लीय ब्राम्हणलाई मात्र के भन्ने र ? केही कुरा गर्ने ठाउं नै छैन ।

Downloaded from http://dhamma.digital

तिर जांदा दीर्धताल यक्ष भएको जंगलमा पुगेपछि आफूले कसरी डर भन्ने पटक्कै नमानी फूर्तिसाथ हिंदेकी थिई, दीर्धताल यक्षले के के गरे, त्यो यक्षसंग कुन प्रकारको कुरा के कुन तरीकासंग भयो, त्यो यक्षले सोधे जति प्रश्नको उत्तर कसरी के के दिएँ सबै कुरा सबिस्तार बृतान्त पूर्वक बताउन थालिन्। माथि भनिए झैं सारा कुरा आफ्नो पतिलाई सबिस्तार बताइरहेकी बेलामा ती काकवलीय दम्पती कहिले रून्थ्यो, कहिले कांहि हाँस्ने गर्दथे। यस प्रकार भएभरको बृतान्त जम्मै बताइसकेपछि अन्त्यमा दीर्धताल यक्षले सुवर्ण घडा चार घडा र सुमन देवताले आठ वटा सुवर्ण घडा मलाई उपहार स्वरूप दिएका छन्। फर्केर आएर लिन आउँछु भनी सुवर्ण घडा भए ठाउंमा राम्ररी चिन्ह लगाइ सम्झी आएकी छु। अब म गएर लिन जानु पर्छ। अरू कुरा बांकि नै छ। अहिलेलाई म फर्किसकें भन्ने समाचार राजा बिम्बिसार छेउ सुनाउन जानु पर्ने बांकी छ भनी दुबै दम्पतीले केही अलिकति खानेकुरा खाई सीधा राजा भएको दरवारमा हाजिर हुन गए।

राजा विम्बिसार- काकवलीय ब्राम्हणी ! तिमी त्याहाँ श्मशानमा पुगेर आइसकेकी हौ त ? तिमी त छिटै नै फर्केर आयौ नि ?

ब्राम्हणी - हो महाराज ! त्यहाँ गई छिटै फर्कि आएकी छुँ।

राजा - तिमीले श्मशानमा बस्ने मान्छेलाई खाना खुवाएर आएकी हौ त ?

ब्राम्हणी - महाराज ! म त्याहाँ पुगी महाराजको आज्ञानुसार त्यो चोरलाई भात खुवाइ आएकी हु।

काकवलीय ब्राम्हणीले यसरी उत्तर दिए पनि कोही कोही भारदारहरूले त्यो कुरा पत्याएनन्। यसले भनेको कुरा सांचो होला र ? यस्ती आइमाईको जातिले त्यस्तो भयंकर डरलाग्दो यक्षको हातबाट कसरी छुटेर आउन सक्थो र ? भन्दै राजाको कानमा कानेखुसी गर्न थाले।

राजा - ब्राम्हणी ! तिमीले मलाई नछकाउनु। तिमी पुगेर आएकी भए बाटोमा तिमीलाई के के भयो त ?

ब्राम्हणी – महाराज ! म यहाँबाट गएर घना जंगलमा पुगें । त्याहाँ दीर्धताल यक्षले मलाई भक्ष गर्छु भनी आए । अनि मैले यसो यसो भनें यक्षले यसो यसो भने भनी माथि लेखिए झैं सबिस्तार बृतान्त कुरा राजालाई बिन्ति चढाइ सकेपछि दीर्धताल यक्षले चार वटा सुवर्ण घडा प्रदान गरेको र सुमन देवताले आठ वटा सुवर्ण घडा प्रदान गरेको छ । ती सुवर्ण घडा लिन जानु पर्ने र श्मशानको चोरले आफ्नो कपाल टोकेको ब्यहोरा पनि सबै काकवलीय ब्राम्हणीले बिन्ति चढाई ।

राजा – त्यसो भए दीर्धताल यक्षहरूले सुवर्ण घडा गाडि राखेको ठाउं तिमीलाई राम्ररी थाहा छ त ?

ब्राम्हणी – मलाई थाहा छ, महाराज ! त्यो ठाउंमा मैले राम्ररी चिन्ह लगाई सम्झी आएकी छु ।

राजा – त्यसो भए म पनि गएर हेर्न जान्छु । हामी सबैनै गएर हेर्न जाउँला हुन्न त ?

ब्राम्हणी – हवस्, महाराज ! महाराजको सवारी होस् । हामी सबै नै गएर हेर्न जाउँला ।

काकवलीय ब्राम्हणहरूसंग यति कुरा भएपछि राजा बिम्बिसारले प्रशस्त सैन्यहरू जम्मागरी काकवलीय ब्राम्हणी सहित सबै गई त्यो ठाउं हेर्न भनि प्रस्थान गरे । क्रमशः जंगलको बीचमा पुगेपछि काकवलीय ब्राम्हणीले आफूले चिन्ह लगाइ राखेको तादृक्य बृक्ष भएको ठाउंमा पुगि आफ्नो औंलाले देखाई राजा विम्बिसारलाई बिन्ति गरिन् – महाराज ! यही हो सुवर्ण घडा गाडि राखेको ठाउं ।

ब्राम्हणीको कुरा सुनी राजा बिम्बिसारले त्यही ठाउंमा खाडल खन्न लगाउंदा पहेंलो झल् झल् झलिकरहेका सुवर्ण घडा चार वटा देखा पऱ्यो । अनि ती सुवर्ण घडा चार वटै झिक्न लगाई आफ्ना मान्छेहरूलाई बोक्न

Downloaded from http://dhamma.digital

लगाई त्याहाँबाट पनि अगाडि गए। फेरि त्यहाँबाट जाँदा जाँदा इम्लीका बृक्ष भएको ठाउंमा पुगे। त्यहाँ पनि काकवलीय ब्राम्हणीले बिन्ति गरिन् - यहीं हो महाराज ! सुमन देवताले मलाई दिएको आठ वटा सुवर्ण घडा गाडि राखेको ठाउं।

अनि त्यो ठाउंमा पनि खनेर हेर्दा त्याहाँबाट पनि झल्झल झल्किने आठ वटा सुवर्णका घडाहरू देखा पऱ्यो । ती पनि झिकी बोकाएर लगे। त्याहाँबाट अगाडि गएपछि श्मशानमा फांसी दिनलाई राखी छोडेको चोर भएको ठाउंमा पुगे। अनि काकवलीय ब्राम्हणीले बिन्ति चढाइन्- महाराज ! मैंले यो चोरलाई भात खुवाइरहेको बेलामा यसले मेरो शिरको कपालको मुठा नै टोकेर झारि दिएको यही हो हेरी वक्स्योस् भन्दै त्यो चोरको नजिकै भुईमा छरिएर रहेको कपालको मुठी नै झिकेर राजालाई देखाइन् । बिम्बिसार राजाले पनि सम्पूर्ण घटनाक्रम सुनी स्वयं आफ्नै नजरले प्रत्यक्ष देखे पछि काकवलीय ब्राम्हणीलाई धेरै नै प्रशंसा गर्दै आज्ञा भयो - धन्य हौ ! धन्य ब्राम्हणी !! तिम्रो बुद्धि, तिम्रो वीरता, शक्ति, पराक्रम पनि धन्य हो। नारी जाति एउटीले यत्रो भयंकर डरलाग्दो नर भक्षक यक्षहरूको पंजाबाट मुक्त भएर उल्टो उनीहरूलाई नै प्रसन्न पारी यक्षहरूको तर्फबाट यस्ता यस्ता सुवर्ण घडाहरू उपहार समेत प्राप्त गर्न सक्नु कम शक्ति होइन। यसो भन्दै धेरै जनसमुदायको अगाडि निकै प्रशंसा गरे। यसरी प्रशंसा गरी सबै मानिसहरू सहित श्मशानबाट फर्केर राजदरबारमा आइपुगे पछि बोकाएर ल्याएको सुवर्ण जति जम्मै राजदरबारको पताँगिरीमा थुपार्न लगाई राजा बिम्बिसारले काकवलीय ब्राम्हणहरूलाई भने - अब यो सुवर्ण यहीं नै राखी छोड। तिमीहरू पहिले आफूलाई चाहिने भँवन बनाइसकी ठाउंको ब्यवस्था भए पछि आफ्नै घरमा राख्न लग्नू। मलाई तिम्रो सुवर्ण चाहिंदैन। राजाले यति भनेको सुनेर सबै प्रजागण आ-आफ्ना घर घरतिर लागे।

यति भए पछि काकवलीय ब्राम्हणहरूलाई दीर्घताल यक्ष र सुमन देवताको तर्फबाट सुवर्ण घडा १२ वटा उपहार प्राप्त भयो भन्ने समाचार चारै दिशामा हल्ली खल्ली भै फिंजिन हुन थाल्यो। ज्ञानी गुणी पण्डितहरूले भने- ती ब्राम्हण दम्पतीलाई सुवर्ण घडा प्राप्त भएको अरू कारणले होइन। आज भन्दा सात दिन अगाडि भदन्त महाकाश्यप भिक्षुलाई भोजन दान दिएको

हुंदा "दिट्ठ धम्म फल" प्राप्त भएकोहो। भगवान बुद्धले पहिले नै यो कुरा आज्ञा भयको थियो। अव यहाँनिर एउटा प्रश्न उठ्न सक्छ – भदन्त महा-काश्यप भिक्षलाई भोजनादि दान प्रदान गर्ने व्यक्तिहरू निकै नै थिए, उनिहरू सबैलाई "दिट्ठ धम्म फल" किन प्राप्त नभएको होला ? यसको उत्तर हो – कर्मको सम्बन्धमा त धेरै नै कुराहरू छन्। संक्षिप्तमा भन्ने हो भने सांच्चि कै "दिट्ठ धम्म फल" प्राप्त हुनालाई त्रि अंग पूर्ण हुनु पर्छ – १) निरोध समापत्तिबाट उठ्नु भएको भिक्षु हुनु पर्छ। २) धर्मानुकूलबाट प्राप्त भएको दान बस्तु हुनु पर्छ। ३) आफ्नो (दानपतिको) चित्त पनि परिशुद्ध हुनुपर्छ। अनि मात्र दानको फल सातै दिन भित्र प्राप्त हुने हो।

पछि फेरि एकदिन राजा विम्बिसारले मगध देशवासी महाजनहरूलाई जम्मा गरी सोधनी गरे— यी काकवलीय ब्राम्हणहरूको बराबर सुवर्ण अरू कसैसंग छ कि छैन ? अथवा यहि सुवर्ण राशी सम्पत्तो हुने व्यक्तिलाई सेठको पद दिन उचित हुन्छ कि हुन्दैन् ? अनि सबैले सेठको पद दिइनै उचित छ भन्ने राय दिएपछि राजाले उनीहरूलाई नियमानुसार सेठको दर्जा प्रदान गरे। त्याहाँदेखि काकवलीय सेठ ( महाजन ) भन्ने नामले उनीहरू प्रख्यात भए। अनि उनीहरूलाई प्रासाद भवन बनाउना निम्ति राजाले उनीहरूलाई सुहाउँदो ठाउँको वन्दोवस्त गरी जग्गा पनि छाडिदिए। त्यस जग्गामा घर बनाउन भनी जग खन्दा त्याहांबाट पनि प्रशस्त सुवर्ण फेला परे। काकवलीय महाजनहरूले प्रासाद भवन निर्माण गरीसकेपछि नित्य तथागतादि भिक्षुगण-लाई घरमा निमन्त्रणा गरी भोजनादि दान् प्रदान गरेर बसिरहे।

काकवलीय ब्राम्हणहरूको निर्मल श्रद्धा र दान महिमाको वर्णन सुनी भाव विभोर भएकी मुदिता उपासिकाले पुनः भिक्षुसंग सोधिन् :—

उपासिका—भन्ते ! दान धर्म भनेको श्रद्धाचित्त उत्पत्ति हुना साथै तत्काल गर्नु पर्दो रहेछ। काकवलीय ब्राम्हणीले महाकाश्यप भन्तेलाई देख्ना साथै आफ्नो भित्री हृदय देखि उठेर आएको श्रद्धा चित्तलाई बलियोसंग समाई तुरुन्त दान प्रदान नगरीकन पख, आज होइन, भोली दान गरूंला, पर्सी गरूंला भनेर बसेकी भए उनीहरूलाई प्राप्त हुने नै थिएन। होइन त भन्ते ?

Downloaded from http://dhamma.digital

भिक्षु— हो त नि । न मान्छेको श्रद्धा भनेको सदैव उस्तै स्थीर रहन्छ । न महत्फलदायी सुसंयोग नै सदैव प्राप्त हुने गर्दछ । भगवान बुद्धले पनि श्रावस्ती निवासी एक चूल साटक ब्राम्हणको दान पुण्य कार्यको प्रशंसा गर्नु हुँदै पुण्यार्थीजनले पुण्य गर्ने असल चित्त उत्पन्न हुनासाथै त्यो धर्म कार्य गरि हाल्नु पर्छ । पुण्य कार्यमा बिलम्ब गर्नु हुँदैन भन्ने कुरा आज्ञा भएको थियो । धम्मपदमा भनिएको पनि छः—

**अभित्थरेथ कल्याणे, पापाचित्तं निवारये ।**
**दन्धं हि करोतो पुञ्ञं, पापस्मिं रमती मनो ।।**

अर्थः— पुण्य भनेको शिघ्र गर्नू । पापबाट चित्त हटाउनू । पुण्य कार्यमा ढीलाई गर्ने व्यक्तिको मन पापतिर नै फेरि झुक्न जान सक्छ ।

नीतिमा पनि भनिएको छ । मानिसहरूले पुण्य कार्य गर्दा मृत्युले मेरो टुपी समाइ सकेको छ भन्ने सम्झी पुण्य कार्य तत्काल गर्नु पर्छ । किनभने परिवर्तन हुँदै सिद्धिदै गइरहेको यो संसारमा मान्छेको कुशल चित्त श्रद्धा चित्त पुण्य चित्त मात्र स्थीर नरहने होइन, मान्छेलाई छायाले झैं लगारिरहेको कालले कहाँ कुन ठाउँमा कति खेर भेट्टाउने हो भन्ने कुरो पनि साधारण जनले थाहा पाउन सक्ने कुरो होइन । आज याहाँ यसरीं बसिरहेको छु भन्दैमा भोलो के हुने हो, भरे के हुने हो कसैले भन्न सक्ने होइन । मुदिता उपासिका ! तपाईं आफैं एकचोटी बिचार गर्नोस् त । यो संसारमा मानिस हरू कति प्रकारले के कसरी प्राण त्याग गरेर गइरहेका छन् । अघि भर्खरैं मात्र देखेको मान्छे, च्च् !! मरिसकेछबा !! भन्ने कुरो कति सुन्न पाइन्छ । के के न गर्छु भनेर बसिरहेका व्यक्तिहरूलाई पनि कालले आई टपक्क टिपेर क्वाप्प निलिदिएको कुरा कति सुन्न पाइन्छ । मान्छेहरू याहां अनेक तृष्णामा रूमल्लीरहेका हुन्छन् । संसारको दुःखमय स्वभाव, यसको अनात्मामय प्रकृति अझ यो लोकको अनित्यमय चलनलाई बिर्सेर दुई चार दिनको शक्ति वैभव सतामै मदमस्त भएर अनेक प्रकारले अभिमान, अहंकार र घमण्ड गरेर बसिरहन्छन् । तर आयु संस्कार सकिनासाथ उसलाई मृत्युले बाटोमा फ्यांकिराखेको मृत कुकुरको लाशलाई तानेर लगे जस्तै घांटी समाती तानेर

लग्दछ । पुण्य नपुग्ने व्यक्तिले यस अवस्थामा बाटो भुलेको बालक झैं आफन्त भन्ने कोही नदेखी विलाप गर्दै मृत्युको पछि लाग्ने बाहेक अरु के नै गर्न सक्छ र ?

एकचोटी भगबान बुद्ध पिण्डाचारमा जानु हुंदा भविष्यको बारेमा अनेक प्रकारको चिन्तना गरेर बसेको महाधनी ब्यापारीको सम्बन्धमा आज्ञा भयो—

**इध वस्सं वसिस्सामि, इध हेमन्त गिम्हसु ।**
**इति बालो विचिन्तेति, अन्तरायं न बुज्झति ।।**

भावार्थः- यो संसारमा निर्बुद्धि बालजनहरू बर्षा ऋतुमा याहाँ बस्छु, गर्मीमा याहाँ बस्छु, जाडोमा याहाँ बस्छु। यो साल यो गर्छु, आर्को साल यसो गर्छु, फेरि आर्को साल यसो गर्छु भनी अनेक प्रकारले मनमा चिन्तना गरिरहन्छन् । तर आफ्नो जीवनमा कहिले कस्तो अन्तरार्य त्यसकहां आइपर्ने हो, कहिले के हुने हो कसो हुने हो भन्ने कुरा उनीहरू थाहा पाउंदैनन् ।

एकदिन भगवान बुद्ध जेतवनाराममा बस्नु भएको बेलामा भिक्षाटनमा जानु हुंदा बीच बाटोमा बाराणसीको एउटा धनी ब्यापारी ५०० गाडा भरी कपडाहरू रासी ब्यापार गर्न भनी श्रावस्ती गइरहेको बेलामा राती नदीमा बाढी आई नदी तर्न नसकिने देखेर गृष्म, वर्षा र हेमन्त सम्म पनि त्यही नदी वारी नै बसी ब्यापार गर्छु भनी अनेक कुराको चिन्तना गरिरहेको देखी मुसुक्क मुस्कुराउनु भयो। भगवान मुस्कुराउनु भएको देखेर आनन्द भिक्षुले उहां मुस्कुराउनाको हेतु सोध्नु भयो। उत्तरमा भगवान बुद्धबाट आज्ञा भयो-आनन्द ! त्यो ब्यापारी तीनैवटा ऋतुसम्म यहीं बसी कपडाको ब्यापार गर्छु भन्ने त्यसले मनमनै संकल्प गरिरहेको छ। तर उसको आयु केवल आजदेखि सात दिनै मात्र वांकी छ। यो कुरा सुनी भगवान बुद्धको आज्ञा पाई आनन्द भिक्षु त्यो ब्यापारी भएको ठाउँमा जानु भई उपदेशको क्रममा उसको आयु सिद्धि सकेको कुरा जम्मै बृत्तान्त वताइ दिनु भयो। आफ्नो मरण भयदेखि अत्यन्त भयभित भएको त्यो ब्यापारीले बुद्ध प्रमुख भिक्षु संघलाई सातदिन सम्म दान प्रदान गरी पुण्य आर्जन गऱ्यो । सातौं दिनको दिन

Downloaded from http://dhamma.digital

भगवान बुद्धले उसको दानको अनुमोदन गर्नु हुंदै माथि लेखिएको गाथा बताउंदै सम्झाउनु भयोः—उपासक ! पण्डित ब्यक्तिले बर्षामा याहाँ बस्छु, गृष्ममा याहाँ वस्छु वा यो बेला यो गर्छु त्यो बेला यो गर्छु भन्ने चिन्तना गर्ने होइन। बरु आपनो जीवनको विघ्नको विषयलाई लिएर नै बिचार गर्ने गर्नु पर्छ। बुद्धको उपदेश सुनी त्यो ब्यापारी श्रोतापत्ति फलमा सुप्रतिष्ठित भयो। अनि शास्ता उसको दानानुमोदन गरी फर्कनु हुनासाथै त्यो ब्यापारी शिरको रोगले तत्काल मृत्यु भई तुषित भुवनमा उत्पन्न हुन पुग्यो।

उपासिकाः—अहो भन्ते ! त्यो ब्यापारी कति भाग्यवान रहेछ। मौकैमा भगबान बुद्धको दर्शन प्राप्त गरेको हुंदा उसको उद्धार भयो। नत्र के हुने होला त्यो मान्छे। धन्य हो भन्ते ! बुद्धको शासन। धन्य हो भन्ते शास्ताको करुणा ! यो अनित्य संसारमा उहाँको धर्मद्वारा बाहेक मान्छे मुक्त हुन त अवश्य सकींइन भन्ने जस्तो लाग्छ मलाई। तैपनि मानिसहरू सम्झन सक्दैनन्। के गरूं मानिसहरू।

भिक्षु :- महाधनि ब्यापारीले त सात दिन भित्रमा मृत्यु हुने कुरा मात्र थाहा पाउन सकेन। हामी अहिले यसो कुरा गर्दा गर्दै भरे नै के हुने हो त्यो पनि थाहा पाउंन्नौ, थाहा पाउन सक्तैनौं। भरेनै मर्ने ब्यक्ति भए पनि अज्ञानताको कारणले यो संसार सागरबाट पार भएर जाने भगवान शास्ताको धर्मलाई राम्ररी बलियो संग समाई धारण गर्नुको बदलामा अनेक प्रकारको कहिल्यै अन्त नहुने तृष्णाको कुवामा आफूलाई डुबाई दुर्गतिमा पतन हुन जाने गर्छन्। बेला मौकामै भगवान बुद्धको दर्शन प्राप्त गरी मार्ग फल प्राप्त गरेर लिन सक्ने पेशकारी कन्या जस्तो ब्यक्तिहरूको संयोग अब कहाँ-बाट प्राप्त हुन्छ र ?

उपासिकाः - पेशकारी कन्याले कसरी कहिले बुद्धको दर्शन पाई मार्ग फल प्राप्त गरेर लिएकी हुन् कृपया ममा अनुकम्पा राखी बताउनु होस्।

भिक्षु :- मलाई आज समय त रहेन। तैपनि तपाईले सश्रद्धा सोध्नु भएको-ले संक्षिप्त रूपमा बताउंछु कान थापेर सुन्नु होस्।

उपासिका:- हवस् भन्ते ! बताउनोम् ।

भिक्षु :- भगवान बुद्ध आलबो नगरको अग्गालव चैत्य भन्ने विहारमा विहार गरि रहनु भएको बेलामा आलवी नगरको पेशकारकी षोडश वर्षीय युवती कन्याले तथागतको उपदेश श्रवण गरी तीन वर्ष अगाडि देखि मरण-स्मृति भावनाको अभ्यास गरिरहेकी थिइन् । एकदिन त्याहाँका ग्राम बासीहरूले भिक्षु संघ सहित भगवान बुद्धलाई निमन्त्रणा गरी भोजन दान दिए । भोजन सक्नु भई भगवान बुद्धले भुक्तानुमोदन गर्न लाग्नु भएको बेलामा ती पेशकारकी कन्या धागो भएको भाँडो लिई अपनो बाबुको कपडा बुन्ने ठाउंमा जान भनो निस्केकी रहिछे । तो कन्याले भगवान बुद्धलाई धर्मोपदेश गर्न लाग्नु भएको देखी आफ्नो भाँडोलाई एकातिर पर सारी प्रसन्न चित्तले भगवान बुद्धको समोप गई वन्दना प्रणाम गरिन् । भगवान बुद्धले ती पेशकारी कन्यालाई चारवटा प्रस्न सोध्नु भयो जसको उत्तर उनीले यस प्रकार दिइन-

"कुमारी ! तिमी कहाँबाट आएको ?"

"भन्ते ! मलाई थाहा छैन ।"

"कुमारी ! तिमी कहाँ जान्छौ ?"

"भन्ते ! मलाई थाहा छैन ।"

"कुमारी ! के तिमीलाई थाहा छैन त ?"

"भन्ते ! मलाई थाहा छ ।"

कुमारी ! तिमीलाई थाहा छ त ?"

"भन्ते ! मलाई थाहा छैन ।"

अनि भगवान बुद्धबाट आज्ञा भयो:— ! तिमीसंग मैले के सोध्यो भन्थान्यौ । तिमी त्यसको उत्तर के भनेर दिएकी थियौ । यसको अर्थ याहाँ सकल परिषद्हरूको अगादि तिमीले भनि दिनु पर्‍यो । पेशकारी कन्याले आफ्ना छोटो उत्तरलाई व्याख्या गर्दै ज़वाफ दिइन्— शास्ता ! म भर्खरै आफ्नो घरबाट निस्केकी हुँ भन्ने कुरा त शास्ता प्रमुख याहाँ बसीरहनु भएका सबै सज्जनवर्गहरूले पनि थाहा पाउनु भएकै कुरा हो । तर तिमी कहाँबाट आएकी भनेर भगबानले त्यसै मात्र सोध्नु भएको होइन भन्ने मलाई लाग्यो ।

Downloaded from http://dhamma.digital

मेरो मनमा त म पुर्व जन्ममा के भएर कसो भएर कहाँ कुन योनी कुन गतिबाट च्यूत भई यहाँ यस योनीमा जन्म लिन आएकी हौ त्यो तिमीलाई थाहा छ कि भनेर सोध्नु भएको हो कि भन्थानें। त्यसरी मलाई थाहा नभएको हुनाले नै प्रथम प्रश्नको उत्तरमा मैले "मलाई थाहा छैन" भनी बिन्ति गरेकी हुँ।

यो कुरा सुन्नु भई भगवान बुद्धले साधुकार दिदै आज्ञा भयो— साधु ! साधु !! कुमारी ! मैले तिमीसंग सोधेको प्रश्न मध्ये प्रथम प्रश्नको उत्तर ठीक संग दियौ। अब अरू प्रश्नहरूको उत्तरको अर्थ के के हो त्यो पनि सबै परिषदहरूको अगाडि भनिदिनु पऱ्यो। भगवान बुद्धको आज्ञा सुनी पेशकारी कन्याले ब्रिन्ती गरिन्— भगवान शास्ता ! म यो धागो भएको भाँडोलिई मेरो बाबुको कपडा बुन्ने कारखानामा जान्छु भन्ने कुरो त शास्ता प्रमुख सकल परिषद्हरूले थाहा पाउनु भएकै छ। त्यसैले भगवान "कहाँ जाने" भनी त्यसै सोध्नु भए जस्तो मलाई लाग्दैन केवल मेरो मनमा त अब म यस योनी यो देह छाडी अथवा याहाँबाट मृत्यु भई कुन गतिमा के कसरी कुन रूपले उत्पत्ति ( जन्म ) हुन जाने हो त्यो तिमीलाई थाहा छ कि भनी सोध्नु भएको भन्ने सम्झें। त्यो कुरा मलाई थाहा नभएको हुँदा "मलाई थाहा छैन" भनीं बिन्ती चढाएकी हुं।

त्यसरी नै शास्ता ! भगवान्ले "तिमीलाई थाहा छैन त" भन्ने तेश्रो प्रश्न सोध्नु भो। त्यसरी सोध्नु भएको अर्थ तिमीलाई मर्नु पर्छ भन्ने कुरा थाहा छ कि छैन भनी सोध्नु भएको भनी सम्झें। त्यो त मलाई थाहा छ। म बारम्बार मरेर जानु पर्छ भन्ने कुरा मलाई सम्झना छ, मलाई थाहा छ त्यसैले "मलाई थाहा छ" भनी बिन्ती गरेकी हुं।

चारौं प्रश्नको रूपमा भगवान शास्ता ! तथागत— मसंग सोध्नु भयो— "कुमारी ! तिमीलाई थाहा छ त ?" त्यो प्रश्नको अर्थ मैले यसरी सम्झें कि तिमीलाई मर्नु पर्छ भन्ने कुरो त थाहा छ तर कहिले कहां के भएर मृत्यु हुने हो त्यो थाहा छ त भन्ने सोधनी गर्नु भएको भन्ने थानें। म कहाँ कहिले के अवस्थामा अथवा बिहान, दिउँसो, राती, माथि, तल, भित्र, बाहिर, आज वा भोली कहाँ कुन अवस्थामा के भएर मेरोमृत्यु हुने हो त्यो कुरा यथार्थत मलाई थाहा नभएकोले "मलाई थाहा छैन" भनी बिन्ती चढाएकी हुँ। यसरा

उत्तर दिएको बेलामा प्रत्यक प्रश्नको उत्तर दिंदा खेरी पनि भगवान बुद्धले ती पेशकारी कन्यालाई साधुकार दिनु भयो। प्रत्येक प्रश्नको अर्थलाई राम्ररी बुझी त्यही अनुरूप मिल्दो उत्तर दिएकै कारण भगवान शास्ताले ती कन्यालाई उनको प्रत्येक उत्तरलाई साधुकार दिनु भएको हो।

मुदिता उपासिका! राम्ररी बिचार गरेर हेर्नोस् त, भगवानले सकल परिषद्को अगाडि त्यो कन्यासंग त्यसरी चारवटा प्रश्न किन सोध्नु भएको होला। बुद्ध वचन भनेको अमोघ वचन हो। कहिल्यै पनि असार हुने वचन होइन।

त्यो पेशकारकी छोरी बास्तवमा त्यही दिन मर्ने भइ सकेकी थिइन्। तैपनि उनीले आफूलाई समाउन समाउन लागेझैं गरी नजीकै आइपुगिसकेका मृत्युराजलाई देख्न नसकेकी बुझ्न नसकेकी हुंदा नै संसार सागरबाट पार तरेर जाने दिशातर्फ विशेष रूपमा प्रयास गर्नु पर्ने अवस्था भइसकेको अन्तिम घडीमा पनि ती कन्या घर ब्यवहार र भव संसारको बाटो मै सदैव झैं कुरिरहेकी थिइन्। अनित्य संसारको बास्तविकतालाई सबैलाई बोध गराई पेशकारी कन्याको उद्धार गर्ने उद्देश्यले भगवान बुद्धले ती कन्यासित उक्त चारवटा प्रश्न सोध्नु भएको हो। ती कन्याले सबै प्रश्नको उत्तर यस प्रकार दिइसकेपछि त्यही प्रसंग संगै जोडी भगवान करुणामय तथागतले अनित्य, दुःख र अनात्माको बिषयमा भित्र मनको तल्लो सतह सम्म पुग्ने किसिमले राम्ररी बुझिने गरी उपदेश दिनु भयो जुन उपदेश सुनी त्यो पेशकारकी कन्यालाई श्रोतापत्ति मार्ग फल प्राप्त भयो। किन्तु भगवान बुद्धको गम्भीर अर्थ सहितका प्रश्नहरू र ती कन्याकी बुद्धिमता पूर्ण उत्तरहरू राम्रोसंग बुझ्न नसकेका त्यस परिषदका कतिपय अज्ञानी जनले ती कन्यादेखी रिसाई उनीलाई अनेक प्रकारले निन्दा उपहास पनि गरेका थिए। त्यसैले तिनै मानिसहरूलाई सम्वोधन गर्दै भगवान बुद्धबाट आज्ञा भयोः—

**अन्धभूतो अयं लोको तनुकेत्थ विपस्सति।**
**सकुन्तो जालमुतो'व अप्पो सग्गाय गच्छति॥**

[ धम्मपद १७४ ]

Downloaded from http://dhamma.digital

अर्थ :– अन्धा रहेका लोक बासीहरू मध्ये ज्ञान रूपी नेत्र भएका ब्यक्तिहरू अल्प मात्र नै छन् । जालबाट मुक्त भएर जाने पछीहरू झैं थोरै मात्र याहाँबाट स्वर्ग जान्छन् ।

तो पेशकारी कन्या पनि भगवान बुद्धले बताउनु भएको उपदेश सुनी कपडा बुनिरहेका आफ्नो पिताको कपडा कारखानामा गएकी मात्र थिइन् तुरुन्त त्यहीं नै उनीको आयु संस्कार समाप्त भएको हुंदा तत्काल देहान्त भइन् ।

उपासिका:– अहो भन्ते ! सांच्चिकै यो संसार त अनित्यमय रहेछ । खोइ यस संसारमा के रस रंग गरेर बस्ने ।

भिक्षु :– हो, उपासिका ! यो संसारको अनित्यताको सम्बन्धमा, याहाँका प्राणीहरूले भोगिरहेको दु:खको सम्बन्धमा गहिरिएर बिचार गरेर हेर्ने हो भने मनपर्छं भनी याहाँ यो संसारमा क्षण भर पनि बस्नु उपयुक्त छैन । त्यसैले नै भगवान बुद्धले चतुरार्य सत्य, आर्य अष्टाङ्गिक मार्ग र प्रतीत्य समुत्पादको ज्ञान बताउनु भएको हो । दान, शील, भावना, र प्रज्ञाको पथ प्रदर्शन गर्नु भएको हो । निर्वाणमा पुग्नलाई अनित्य, दु:ख र अनात्माको बिषयमा थाहा पाउनु पर्छ, बुझ्नु पर्छ भनेर नै अनित्य, दु:ख र अनात्मा बिषयमा भ्रम पर्ने ठाउं नै नरहने नारी स्पष्टत: बुझिने गरी उपदेश दिनु भएको हो । धम्मपदमा पनि भनिएको छ :–

**सब्बे सङ्खारा अनिच्चा ति, यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ।।**

अर्थ :– "सम्पूर्ण ( हेतुद्वारा उत्पत्ति भएका ) संस्कार अनित्य हो" भन्ने कुरा प्रज्ञाद्वारा जब देख्छ, अनि मात्र सबै प्रकारको दु:खबाट बिराग प्राप्त हुन्छ । यही निर्वाणको मार्ग हो ।

**सब्बे सङ्खारा दुक्खाति, यदा पञ्ञाय पस्सति ।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ।।**

Downloaded from http://dhamma.digital

अर्थः— "सम्पूर्ण (हेतुद्वारा उत्पत्ति भएका) संस्कार दुःख हो" भन्ने कुरा प्रज्ञ द्वारा जब देख्छ, अनि मात्र सबै प्रकारको दुःखबाट निर्वेद (बिराग) प्राप्त हुन्छ, यही विशुद्धि (निर्वाण) को मार्ग हो।

**सब्बे धम्मा अनत्ता'ति यदा पञ्ञाय पस्सति।**
**अथ निब्बिन्दति दुक्खे, एस मग्गो विसुद्धिया ॥**

अर्थ :- "सम्पूर्ण धर्म पदार्थ (पञ्चस्कन्धादि) अनात्म हो" भन्ने कुरा जब प्रज्ञाले देख्छ, अनिमात्र सबै प्रकारको दुःखबाट विराग प्राप्त हुन्छ, यही निर्वाणको मार्ग हो।

उपासिका! हामी पनि अहिले हो कि भरे हो केही भन्न सकिने होइन। त्यसैले अप्रमादी भएर हामीहरू रहनु पर्छ। अप्रमादको सम्बन्धमा भगवान बुद्धबाट आज्ञा भएको पनि छ :-

**अप्पमादो अमत पदं पमादो मच्चुनो पदं ।**
**अप्पमत्ता नमीयन्ति ये पमत्ता यथा मता ॥**
**एतं विसेसतो ञत्वा अप्पमादम्हि पण्डिता ।**
**अप्पमादे पमोदन्ति अरियानं गोचरे रता ॥**
**ते झायिनो साततिका निच्चं दल्ह-परक्कमा ।**
**फुसन्ति धीरा निब्बानं योगक्खेमं अनुत्तरं ॥**

भावार्थः— अप्रमादी हुनु अमृत-पदको साधना भए झैं प्रमादी हुनु मृत्यु पदको मार्ग हो। प्रमादी ब्यक्ति बाँचि रहे पनि मरेको तुल्य नै हो। किन्तु अप्रमादी ब्यक्ति मरेर पनि अमरै हुन्छ।

पण्डितजनहरूले अप्रमादको विषयमा राम्ररी जानी बुझी बुद्ध तथागतहरूको उपदेश अनुरूप आचरण गरी अप्रमाद भै सुखको अनुभव गर्ने गर्दछन्।

Downloaded from http://dhamma.digital

धैर्यवान्, सतत: ध्यानकै अभ्यास गर्ने नित्य, दृढ, पराक्रमी र वीर पुरुषहरूले योग, भय रहित परमपद निर्वाणलाई प्राप्त गर्दछन् ।

सकल सज्जनबृन्दले पनि उक्त धर्मपदमा बताइ अनुसार अनित्य, दु:ख र अनात्मा स्वभाव प्रकृतिलाई राम्ररी जानी बुझी शीघ्रातिशीघ्र भवचक्र संसारबाट पार भएर जान सक्ने हुनानिमित्त अप्रमादी भई बलोद्योग गरी कोशिस गर्नु पर्छ भनिएको पनि छ ।

**यो च वस्ससतं जीवे अपस्सं अमतं पदं ।**
**एकाहं जीवितं सेय्यो पस्सतो अमतं पदं ।।**

( धम्मपद ११४ )

अर्थ:— अमृतपद ( निर्वाण ) लाई नदेख्ने ब्यक्तिको शतवर्षीय जीवन भन्दा अमृतपद ( निर्बाण ) लाई देख्ने ब्यक्तिको एक दिनको जीवन नै उत्तम छ ।

**निब्बानस्स पच्चयो होतु ।**

मुदिता उ०—साधु भन्ते, साधु ! साधु ! ! म सारै संतुष्ट भएं । आज म यति मात्र विन्ति गर्दछु । पछि पछि फेरि दर्शन गर्न आउनेछु । आज मैले तपाईंलाई धेरै कष्ट दिएकोछु । क्षमा गर्नु होला ।

Downloaded from http://dhamma.digital

# लेखकको प्रकाशित पुस्तकहरू

१) क-परित्राण
२) ख-परित्राण
३) धातुभेदानुपस्सना
४) बुद्धोपदेश
५) विशुद्धिज्ञान दर्शण
६) महाजय मंगल पाठ
७) त्रिलक्खन दीपनी
८) धातु विवरणक प्रेत कथा
९) अनागत वंश
१०) विशुद्धि प्रज्ञा दर्पण
११) स्वंगः मिखां स्वयूगु
१२) अनन्तोपकारक बुद्ध
१३) निगूगु विशुद्धि ज्ञान दर्शन
१४) महा सतिपट्ठान भावना
१५) सम्बुल जातक
१६) भगवान् बुद्ध ह्मानं जन्मान्तर बाद
१७) महासमय सूत्र
१८) काकवलीय महाजन पिनिगु कथा

मुद्रकः- सुभाष प्रिन्टिङ्ग प्रेस ल. पु. नकबहिल ।

Downloaded from http://dhamma.digital